# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (दोस्रो बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०२।१३ गते

माननीय सदस्यहरु आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि एक मिनेटका समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यले आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**माननीय इन्द्रलाल सापकोटा, बाग्लुङ**

माननीय सभामुखज्यू,

यतिबेला सिंगो मुलुक कोभिड १९ को असरको बारेमा हामी सबै अवगत नै छौं । बाग्लुङ जिल्लामा ७७ जेठ ११ गतेसम्मको तथ्यांक हेर्दा ३ सय १५ जना भारत प्रवेश प्रवासबाट आइपुग्नुभएको छ । दशै तहका विभिन्न क्वारेन्टाइनमा उहाँहरुको व्यवस्थापन गरिएको छ । र, यथाशीघ्र भारतबाट आउनुहुने सम्पूर्ण नागरिकहरुको पिसिआर गर्नुपर्नेछ । त्यसका निम्ति भिटिएम स्वाब संक्लनको लागि आवश्यक पर्ने भिटिएमको अभाव देखिएको छ । म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । आवश्यकताअनुसार र वास्तवमा मापदण्ड अनुसारका क्वारेन्टाइन बन्न सकिरहेका छैनन् । खानपान, शौचालय लगायतका थुप्रै समस्याहरु देखा परेका छन् । यसका निम्ति स्थानीय तहलाई हामी प्रदेश सरकारले सहयोग गरेर भए पनि यस्लाई व्यवस्थापन गर्न जरुरी छ, मैले यो कुरा राख्न चाहन्छु । र यतिबेला सिंगो अर्थतन्त्र यो कोभिड १९ को प्रभावका कारणले अत्यन्तै संकटग्रस्त बन्दै गइरहेको कुरा तपाई हामी सबैलाई विदितै छ । र वास्तवमा सकेसम्म विकास निर्माण कामहरु पनि ठप्प छन् । जिल्ला हेरेर सिडिओको तजबिजी राइटजस्तो विभिन्न ढंगले विभिन्न कामहरु अगाडि बढिरहेका छन् । यसलाई ध्यान दिन जरुरी छ ।

**माननीय कृष्णबहादुर थापा, कास्की**

माननीय सभामुख महोदय,

स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधिहरु, निर्माणमा खटिइरहेका र अहिले काम गरिरहेका मजदुरहरु, पत्रकारहरुलाई तत्काल पहिलो चरणमा र क्रमशः गण्डकी प्रदेशका कम्तीमा पनि एक घरबाट एक जना सदस्यहरुलाई पिसिआर टेष्ट गर्नको लागि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु सभामुखमार्फत र साथै क्वारेन्टाइन क्वारेन्टाइन यो त्यत्तिकै भन्ने विषय होइन । यसको आफ्नै स्टाण्डर्ड मेन्टेन गर्नुपर्ने भएको हुनाले विशेष होटलहरुलाई एउटा क्वारेन्टाइनमा परिणत गरेर एक खालको थोरै भए पनि लजिस्टिक सपोर्ट पनि हुने भएकोले त्यसतर्फ ध्यान जाओस् भन्न चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय दोबाटे विश्वकर्मा, तनहुँ**

**माननीय सभामुखज्यू,**

अहिले विश्वमै कोरोनाको त्रास र आतंक फैलिएको छ र हाम्रो नेपाल पनि त्यसबाट अछुतो छैन । यसै सन्दर्भमा अस्ति माननीय मुख्यमन्त्रीज्यूले हामीले सब व्यवस्थाहरु मिलाइसकेका छम् भन्ने कुरा पनि आफ्नो सम्बोधनमा राख्नुभएको थियो । यस सन्दर्भमा तनहूँको शुक्लागण्डकीमा रहेको जि.पी. कोइराला श्वासप्रश्वास केन्द्र हस्पिटलमा ३० वटा आइसोलेसन बेड छ भनेर मुख्यमन्त्रीज्यूले भन्नु भाको थियो । तर त्यहाँ बुझ्दा अहिले जम्मा मापदण्ड अनुसारबाट १२ वटामात्र आइसोलेसन बेडहरु भएको अवस्था रहेको बुझिएको छ । त्यसले गर्दा मुख्यमन्त्रीज्यूको भनाइलाई पूरा गर्ने हो भने त्यसमा १८ वटा. आइसोलेसन बेडको व्यवस्थापन गर्न पनि म माग गर्दछु भने त्यहाँ त्यो हस्पिटल विशेष गरेर केन्द्रको मातहतमा रहेको र केन्द्रले चाहिँ त्यहाँका कर्मचारीलाई तलबमात्र खाने बजारको व्यवस्थापन गरेको र केन्द्रले अझ बजेटको व्यवस्था नभएको कारणले गर्दा हाम्रै यस गण्डकी प्रदेशमा रहेको हस्पिटल र अहिलेको अवस्थामा ज्यादै ।

**माननीय प्रकाशचन्द्र दवाडी**

सभामुख महोदय,

कोरोनाबाट बिचल्ली परेको यो देशमा विश्वमै र नेपालमा श्रमिको तुरुन्तै गाँस , बास र कपासको व्यवस्था गरेको देखिएन । अस्ति सम्बोधन हुने क्रममा हरेक जिल्लामा १५ लाख रुपैयाँ सिडिओ कार्यालयमा, १० लाख रुपैयाँ हस्पिटलमा दिएको भन्ने मुख्यमन्त्रीज्यूले जसरी एउटा सम्बोधन गर्नु भयो, हस्पिटल चाहिँ पहिलो प्राथमिकतामा राख्न पर्ने कि जिल्लालाई

प्राथमिकतामा राख्न पर्ने त्यो कुरा मैले अवगत गराउन चाहें । र, सुलिकोट लगायतका क्षेत्रमा, सिरानकोट, अजिरकोटमा उत्तरी भेगका जनताहरु अहिले भोकभोकै परेका छन् र जनता कृषिको अभियान सुरु गर्ने सरकारले अहिले त्यहाँका जनताले मल बिउ नपाएर बिचल्ली भाको छ । त्यसको तुरुन्त व्यवस्था गरिदिनु हुन म सभामुखमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । विदेशमा रहेका नेपाली बाहिरबाट आउन नपाएर बिचल्ली भएका छन् । बाहिर इण्डियामा रोइरहेका छन् । नेपाल विदेशमा रोइरहेका छन् । नेपालमा आउने चाहनेलाई तुरुन्तै नेपालमा ल्याएर यो टेष्ट चेक गरेर त्यसको व्यवस्था गरिदिनु अनुरोध गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय भगवतप्रसाद मल्ल, स्याङ्जा**

माननीय सभामुख महोदय,

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सांसद विकास कोष आर्थिक वर्ष २०६६, ७७ देखि लागु भएकोमा यसले ठोस निर्माण कार्य हुन नसकेको देखियो । त्यसैले विकृति ल्यायो । यसरी यो कोषबाट कुनै निश्चित योजनामा अहिले देखिएको स्वास्थ्य समस्यामा खर्च हुने गरी आगामी आर्थिक वर्षबाट राख्न र सांसद विकास कोष हटाउन जोडदार माग गर्दछु । त्यस्तै आज स्याङ्जा जिल्लाको वालिङ नगरपालिकामा क्वारेन्टाइनमा रहेका इण्डियाबाट १० जनाको ग्रुपमा आउनुभएको थियो । त्यसमा २ जना पिसिआर टेष्टमा पोजेटिभ देखिएको छ । तत्काल थप उपचारको लागि यो पश्चिमाञ्चल गण्डकी अस्पतालमा ल्याई उपचार गराउन जोडदार माग गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय मणिभद्र शर्मा, बाग्लुङ**

बाग्लुङको धौलागिरी अञ्चल हस्पिटलमा त्यहाँको व्यवस्थापन समितिको अध्यक्षले एउटा अपांग कर्मचारीलाई हाजिर हुन नदिएर एकदमै तनाव बनाएको खबर अहिले संचार मिडियामा आएको छ । एक पटक मुख्यमन्त्री कहाँ पनि त्यो ध्यानाकर्षण भएको र मुख्यमन्त्रीले पनि उहाँहरुलाई यथावत् काम गर्न दिने आदेश गर्दा पनि त्यो आदेश लत्ताएर अब अलिकति उत्ताउला शब्द बोलेको समेत बाहिर मिडियामा आएको छ । यस्तो असभ्य अध्यक्षले त्यो हस्पिटलमा यो सरकारले नियुक्ति गरेर राखेको तुरुन्त हटाएर सभ्य मान्छेलाई नियुक्ति गर्न हार्दिक अनुरोध गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय मनकुमारी गुरुङ, गोरखा**

माननीय सभामुख महोदयज्यू,

आज चीनको बुहान सहरबाट उत्पन्न भएको कोभिड १९ जुन भाइरसले विश्वभरि महामारी फैलिएर आज नेपालमा पनि ठूलो प्रभाव परेको छ । जसको कारण चैत्र यो मुलुकमा पनि चैत्र ११ गतेदेखि आजसम्म लकडाउनको स्थिति रहेको छ । र, मलाई लाग्छ यो लकडाउनले सबैभन्दा ठूलो प्रभाव चाहिँ चार नम्बर प्रदेशमा पर्यटन व्यवसायीलाई लागेको छ । र, चार नम्बर प्रदेशको यो आर्थिक अर्थतन्त्र र जिउने आधार, जनताको जिउने आधार चाहिँ एउटा व्यवसाय पनि हो, पर्यटन व्यवसाय । अहिले लेकसाइडको होटलहरु हेर्ने हो भने म्याग्दीको ठूला ठूला होटलहरु सबै सुकेर बसिराखेको अवस्था छ । र यो व्यवसायीहरुलाई जसले चाहिँ बैंकबाट लोन लिएर लिएको छ , तयसको लागि चाहिँ यो यसको प्रभाव अझै पनि ६ महिना सम्म बस्छ जस्तो लाग्छ, त्यसको कारणले जबसम्म यसको प्रभावबाट त्यो बेलासम्म चाहिँ ब्याज मिनाहा गरिदिनुको लागि अनुरोध गर्न चाहन्छु ।

**माननीय मनबहादुर गुरुङ, कास्की ।**

माननीय सभामुखज्यू,

गण्डकी प्रदेशको छैटौं अधिवेशन सफलतापूर्वक सुसम्पन्न होस् भन्ने शुभकामना दिन चाहन्छु । सभामुख महोदय,

मिति २०७७।०१।२० गते मादी गाउँपालिकाको वडा नम्बर १, आशा परियारको घर अचानक बिजुली सर्ट हुन गई पूर्ण रुपमा क्षति भएको छ, सभामुख महोदय ।

त्यस्तैगरी मादी, पोखरा महानगरपालिकाको वडा नम्बर २८ स्थित बेतनी वीरबहादुर गुरुङको घर २०७७।०२।०९ गते बाढीले तपाईको चाहिँ बाढी आएर पैरो गई पूर्ण रुपमा क्षति भएको छ । त्यसकारण सभामुख मार्फत म प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय लक्ष्मी सुनार, नवलपरासी**

माननीय सभामुखज्यू,

२०७७।०२।१२ गते सोमबार रुकुम पश्चिममा घटेको यो घटनामा जाजरकोट जिल्ला जाजरकोट जिल्ला भेरी नगरपालिका वार्ड नम्बर ४ रानागाउँ निवासी नवराज बिक, सोही जिल्ला चार चौरजहारी नगरपालिका वार्ड नम्बर ८ सोती निवासी सुष्मा मल्ल बीच लामो समयदेखि रहेको प्रेम सम्बन्धलाई ती दुई बीच विवाह गर्न खोज्दा प्रेमिका सुष्मा मल्लको परिवार र त्यसै ठाउँका सरोकारवाला व्यक्ति लगायत गाउँलेहरुले गरेको सांघातिक हमलाबाट नवराज बिकको मृत्यु भएको र केही व्यक्तिहरु घाइते भएको र एक जना टीकाराम बिक र बिक पनि मृतक अवस्थामा भेटिएको छ ।

सभामुख महोदयज्यू,

एक्काइसौं शताब्दीको परिस्थिति र कम्युनिष्ट सरकारमा पनि दलित समुदायको अन्तरजातीय विवाह विवाह गर्न खोज्दा दलित युवाले ज्यान गुमाउनु पर्दा सम्पूर्ण दलित अत्यन्तै मर्माहित परेको छ, नेपालको कानुन बमोजिम घटना .....। धन्यवाद ।

**माननीय विष्णुप्रसाद लामिछाने ।**

माननीय सभामुख महोदय,

हालै आएको आँधीबेहरीका कारण नवलपुर जिल्ला गैडाकोट नगरपालिका वडा नम्बर ८ का काशीराम पौडेलको कुखुरा फाराममा घर भत्किदा स्वयं काशीराम पौडेल र कास्की जिल्ला घर भई सोही ठाउँमा डेरा गरी बस्ने सूर्यबहादुर भण्डारी त्यस्तै बौदीकालिका गाउँपालिका बार्ड नम्बर १ का १६ वर्षीय धनबहादुर बिकको निधन भएको छ, म उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै तत्कालै राहतको लागि माननीय सभामुखमार्फत गण्डकी प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरु शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको समय यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ आफ्नो स्थानबाट आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य जुनादेवी नेपाली (समय ५ मिनेट)**

माननीय सभामुख महोदय,

समाजमा हरेक मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको व्यवस्था संविधानले गरेको छ । जात, भाषा र धर्मको आधारमा गरिने हरेक उत्पीडिन तथा हिंसात्मक कार्यक्रहरु अत्यन्तै घृणित, अमानवीय र कानुनको नजरमा दण्डनीय छन् । मिति २०७७।०२।१० गते रुकुम पश्चिम चौरचहारिया भएको नरसंहार सामूहिक हत्या भएको छ । जाजरकोट जिल्ला भेरी गंगा नगरपालिका ४, राहु  गाउँ बस्ने निवासी वर्ष १९ को नवराज बिकलाई २०७७।०२।१० का दिन रुकुम पश्चिम चौरचहारिया नगरपालिका ८ बस्ने सुष्मा मल्ल बीचको प्रेम सम्बन्धलाई वैवाहिक जीवनमा परिणत गर्नको लागि विवाह गर्न भएको त्यो बेलामा दलित केटा भनी त्यही वडाका वडाध्यक्ष सहित जुन रक्षक हुन त्यही भक्षक भएर आएका छन् । साथै स्थानीयहरुले उनीहरुलाई निर्धात कुटपिट र विभत्सपूर्ण निर्मम तरिकाले हत्या गरी ठूली भेरी नदीमा फाली लास समेत जाजरकोट प्रहरीले फेला पारेको छ । मृतकसँग गएको अन्यको पनि मृत्यु भएको छ । र केही बेपत्ता भएका छन्  र केही घाइते भई उपचारको क्रममा रहेको कुरा जानकारीमा आएको छ । वास्तविक घटनाको

सत्यतथ्य पत्ता लगाई दोषीलाई हदैसम्मको कारबाहीको माग गर्दछु । निष्पक्ष छानबिन होस् अहिलेसम्म मृतक ३ जनाप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु र बेपत्ताको अवस्था पत्ता लगाउनको लागि र दोषीहरुलई कानुनी कारबाहाि गर्ने माग गर्दछु म। यतिबेला संघीय लोकतान्त्रिक गणतन्त्रमा हामी नेपालीले सात दशक बढी संघर्षबाट प्राप्त गरेको उपलब्धि यो प्रणाली नेपाली जनता आफैले छानेर पठाएका जनप्रतिनिधि नेपालको संविधान कार्यान्वयनको चरणमा रहीरहेको बेला हामीले अपनाएको लोकतान्त्रिक बहुदलीय प्रतिष्पर्धात्मक राजनीतिक प्रणाली स्वतन्त्र अधिकार र अवसर पहुँच सामाजिक न्याय र समानता, भयरहित सुरक्षित जीवन र मर्यादित जीवनको विषयलाई लोकतन्त्रका अभिन्न आयामको रुपमा आत्मसात गरेको राजनीतिक स्थायित्व जनमतको सम्मान, राजनीतिक दललाई जनादेश अनुसारको भूमिका खेल्न उत्प्रेरित र नेतृत्व गरेको यतिबेला स्थानीय तह परिवर्तनकारी शक्तिले जितेको र नेतृत्व गरेको त्यतिमात्र होइन सभामुख महोदयज्यू अगुवाई गरेको यस घडीमा अझै पनि यस समाजलाई तरिकाले यस्ता घटनाहरु घटेका छन् । समाज कता जाँदैछ भन्ने भयभित हुने र माननीय सभामुख महोदयमार्फत संघीय सरकारको म ध्यानाकर्षण गराउँदछु ।

र, अर्को माननीय सभामुख महोदयज्यू, मिति २०७६।१२।२७ गते र २०७७।०१।१४ गते घटित छुवाछूत भेदभाव त्यसबाट उत्पन्न परिस्थितिका सम्बन्धमा गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नम्बर १६ चण्डिका टोल बस्ने वर्ष ४९ का समर सुनारको वैदेशिक रोजगारीको क्रममा दुवईमा मृत्यु भएको । यता हिन्दु परम्पराअनुसार मृतकका दाजु मोहन कुमार सुनारले क्रिया गर्नको लागि घर नजिक रहेको सामाजिक क्रियापुत्री भवन उपभोग गर्न सम्बन्धित छिमेकी व्यक्तिसँग चापी माग्दा समितिका अध्यक्ष श्री रामबहादुर जिसी स्थानीय बरेबहादुर थापा जनक थापा लगायतले गाली गलौच जातीय भेदभाव गरेको प्रति म सभामुख महोदय मार्फत् गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु । धन्यवाद ।

माननीय ओमकला गौतम, (समय ६ मिनेट)

माननीय सभामुख महोदय,

यतिखेर मुलुक अदृश्य शक्तिसँग लडिरहेको बेला गण्डकी प्रदेशसभाको छैटौं अधिवेशन सुचारु भएको छ । यस बजेट अधिवेशनले विभेदरहित न्यायोचित प्राथमिकता पहिचान सहित नीति अवलम्बन गरी नीति कार्यक्रम बजेट ल्याउन सकोस्, सकारात्मक सोचका साथ शुभकामना दिन चाहन्छु ।

कोरोनाबाट ज्यान गुमाउने सम्पूर्ण देश विदेशमा दिदी बहिनी दाजुभाइहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा उहाँहरुका परिवारहरुप्रति हार्दिक समवेदना प्रकथ गर्न चाहन्छु र जो उपचाररत हस्पिटलको बेडमा लडिरहनुभएको छ, उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । अग्रपंक्तिमा रहने स्वास्थ्यकर्मी, संचारकर्मी, सुरक्षाकर्मी राष्ट्र सेवक सम्पूर्ण कर्मचारी मित्रहरुप्रति हार्दिक नमन गर्न चाहन्छु, जो ज्यानको परवाह नगरी लडिरहनुभएको छ र उहाँहरुको तुरुन्तै कोरोना बिमाको व्यवस्था गरियोस् भन्ने समेत म सरकारसँग जोडदार माग गर्न चाहन्छु ।

सभामुख महोदय,

एक घर एक पिसिआर, राहतको सट्टा रोजगार, प्रत्येक स्थानीय तहमा खाद्यान्नको भण्डारको सहित नीति ल्याई अब अगाडि बढ्नुपर्ने अवस्था आएको छ ।

सभामुख महोदय,

२०६८ सालको जनगणना अनुसार गण्डकी प्रदेशमा ५ लाख ७७ हजार ६८२ घर परिवार बसोबास गर्दछन् । सबै परिवारको कम्तीमा पनि एक जनाको परीक्षण गर्ने हो भने त्यहाँको जोखिम आंकलन गर्न सकिन्छ । चीनमा लकडाउनपछि धमाधम परीक्षण गरियो र आवश्यकता अनुसार विधि अपनाइयो । अहिले चीनले विश्वलाई नै आफू सुरक्षित रहेको सन्देश दिइरहेको छ । हालसम्म गण्डकी प्रदेशमा २ हजार परीक्षण भएको छ । यसरी हिसाब गर्दा यहाँको सबै नागरिकको परीक्ष्ँण गर्ने हो भने २ सय ७ वर्ष लाग्ने लाग्नेछ सभामुख ।

अनि हामी कोरोना फ्रि छौं । यसलाई पराजय गर्न सक्छौं भनेर खुसी हुनुको कुनै तुक होला मैले माननीय सभामुखमार्फत हाम्रो माननीय मुख्यमन्त्रीको ध्यान ध्यानाकर्षण गराउन चाहन्छु । मुख्यमन्त्रज्यूले अब के शिर मुक्तिनाथ र शिर पशुपतिनाथले नै बचाउने हुन् त ? हाम्रो यो प्रदेशका जनतालाई पिसिआर परीक्षणको दायरा बढाउन .. सरकारसँग जोडदार माग गर्न चाहन्छु ।

सभामुख महोदय,

नेपालको उपचार भनेको नेपालको उपचार भनेको नियन्त्रण मात्रै हो । लकडाउन सही विधि भएता पनि लकडाउनले लकडाउनले सही लिक गलत छ । यसलाई व्यवहारिक र वैज्ञानिक व्यवस्थापन गर्नु पर्दछ । कुनै पौवा, पदमार्ग, चौतारी, पोखरी, सामुदायिक भवन, भौतिक संरचना जस्ता मान्छेले गर्दा हुने कामलाई दुरी कायम गरी सरकारले बजेट दिने र घरको एक जना पर्ने गरी कामदार लगाउने नीति अवलम्बन गरियोस् । यसले एकतिर राहतको बाध्यता घट्छ भने अर्कोतिर अर्कोतिर विकास निर्माणको काम पनि सँगसँगै चलिरहन्छ ।

निर्माणमा आधारित लकडाउन राहत प्याकेटको घोषणा गरियोस् । म माननीय सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

प्रत्येक स्थानीय तहमा मास क्वारेन्टाइनको व्यवस्था गरियोस् । जहाँ खान नपाएर कोही भाग्न नपरोस् । अहिले बसेको मानिसको क्वारेन्टाइन अत्यन्तै दयनीय स्थिति छ । व्यवस्थित छैन । मैले यो पनि ध्यानाकर्षण गराउन चाहन्छु ।

सभामुख महोदय,

विदेशमा रहेका .. आफ्नो देश फर्किन पाउने अधिकार छ । यस्तो संकटको बेला नै राज्यले संकटको बेलामा राज्यको आवश्यक पर्ने हो । त्यसैले आ आफनो दायित्व र ..बाट सरकार पछि हट्न मिल्दैन । सबैलाई नेपाल आएर सुरक्षित अवतरण गराउन म सम्मानित सभामा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र जोडदार माग गर्दछु ।

माननीय सभामुख महोदय,

नेपालीहरुलाई केरे विदेशमा रहेका पोखरा पोखराका विभिन्न ठाउँमा होटलहरुलाई क्वारेन्टाइनको रुपमा संचालन गरेर त्यही होटलहरुम राख्नको लागि छलफल अगाडि बढाउन समेत मैले सरकारको ध्यानाकर्ष०ा गराउन चाहन्छु ।

माननीय सभामुख महोदय,

हाम्ले कोरोना संक्रमण र राजनीतिक मुद्दा सँगसँगै सामना सामना गर्नुपरेको छ । सीमा विवादको विषय चरम बन्दै गइरहेको छ । हाम्रो सामान्य भान्सा पनि भारतमा निर्भर छ । कम्तीमा ६ महिनालाई पुग्ने गरी अत्यावश्यक खाद्यान्न सामग्रीको प्रवेश स्थानीय तहमा भण्डारण गर्ने व्यवस्था मिलाइयोस् । यसबाहेक स्थानीय स्तरमा उत्पादित बस्तुको खरिद र भण्डारणमा समेत सरकारको ध्यान जाओस् भन्ने मैले सम्माननीय सभामुख मार्फत् यस सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय,..

नवलपुर जिल्ला भारतसँग सीमा जोडिएको जिल्ला जो ...भारतबाट आई आईरहेका छन् उनीहरुको व्यवस्थापन .. स्थानीय तहबाट मात्र सम्भव छैन । हजार जना भारतबाट आउने अनुमान गरिएको छ । जो स्थानीय तहबाट मात्र व्यवस्थापन सम्भव छैन । यसमा प्रदेश सरकारको भूमिका रहोस् । उपचार सामग्रीको अभाव भइसकेको छ । तत्काल व्यवस्थापन गर्न तत्काल व्यवस्थापन गर्न र यो स्वास्थ्य उपकरण सामग्री उपलब्ध गराउन म सरकारसँग जोडदार माग गर्दछु, सभामुख महोदय ।

दैनिक सयौं मानिस भारतबाट आई सोभै पहाडी पहाडका पालिकाको क्वारेन्टाइनमा बसेर मात्र समस्याको समाधान हुँदैन । यातायात र सुविस्ता नभएको ठाउँमा स्वास्थ्यकर्मीको निगरानी पनि नहुने ठाउँमा औषधी उपचारको अभाव भएको ठाउँमा राखेर त्यहाँबाट भयावह स्थिति हुन सक्ने सम्भावनालाई न्यूनीकरण गर्न पिसिआरको परीक्षण विधि बढाइराख्नु हुन सरकारसँग सभामुखमार्फत अनुरोध गर्न चाहन्छु । नत्र पोखरामा बसेर मुक्तिनाथ सम्झेर दन्त्यकथा जस्तै हामी सुरक्षित छौं भनेर कोरोना नियन्त्रण गर्न सकिंदैन सभामुख महोदय । अब नवलपुर जिल्लामा मात्र ५ सय वटा आइसोलेसन बार्ड बनाउनुपर्छ । जो हाल २४ वटामात्र आइसोलेसन बार्ड छन् । हामीसँग विकल्प रजहर प्राकृतिक चिकित्सालय पनि छ । नवलपुर अस्पताल छ । र, चोरमाराको स्वास्थ्य संस्था र दुम्कौलीमा छ । अब आउने आगामी बजेटमा आइसोलेसन बोर्डको समेत व्यवस्था गर्ने गरी बजेट विनियोजित गरियोस् भनी मैले सरकारसँग जोडदार माग गर्न चाहन्छु । र, नवलपुर जिल्ला हस्पिटललाई आईसियुयुक्त व्यवस्थित गरियोस् भन्ने मैले सरकारसँग आग्रह गर्न चाहन्छु । जो अग्र धन्यवाद, सभामुख महोदय ।

**माननीय सदस्य खिमविक्रम शाही (समय ५ मिनेट)**

माननीय सभामुख महोदयज्यू,

सर्वप्रथम, यो हाम्रो गरिमामय सदनमा यो माइकको अभाव भएजस्तो लागेको छ । यो अलि गडबडी जस्तो लाग्यो मलाई यसलाई भोलिदेखि अलि व्यवस्थित गरिदिनुहुन सम्बन्धितलाई .म अनुरोध गर्छु ।

अहिले विश्वभरि फैलिएको विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस हाम्रो नेपालमा पनि द्रूत गतिमा आइराखेको छ । र, यसले विदेशमा भएका तेस्रो मुलुकमा भएका हाम्रा नेपाली नागरिकहरु, रोजगारीमा रोजगारी स्वरुप गएका हाम्रा नेपालीहरु अहिले बिचल्ली परेको अवस्थामा हुनुहुन्छ र उहाँहरुको उद्धारको लागि, उहाँहरुको व्यवस्थाको लागि म हाम्रो सरकारसँग अनुरोध गर्न चाहन्छु । त्यस्तै गरेर हाम्रो छिमेकी मुलुक भारतबाट दिनदिनै हजारौंको संख्यामा नेपाल आउने क्रम जारी छ । आइरहनु भएको छ । र, भारतको सीमानामा आइसकेपछि विभिन्न सीमानामा हाम्रा नेपालीहरुले दुःख पाइरहेको अवस्था हामी सुनिराखेका छौं र भारतले भारतका मान्छेहरुले ती हाम्रा नेपालीहरुलाई विभिन्न बहाना बनाएर दुःख दिएर तीन चार दिन पाँच छ दिन बोर्डर पारी नै वारी आउन नदिएको राखेको अवस्था छ । र, ती त्यस्ता हाम्रा नेपालीहरुलाई पनि सहजै तरिकाले नेपालभित्र र आफ्नो पालिकाभित्र जानको लागि व्यवस्था मिलाउनको लागि म अनुरोध गर्दछु र यो ती नेपालीहरु यहाँ थुप्रै कुरा आइसके हाम्रो आफ्नो गाउँ गाउँमा आफ्नो पालिकामा सयौंको संख्यामा आइसक्नु भएको छ र क्वारेन्टाइनको व्यवस्था मिलाउन

स्थानीय सत्तालाई स्थानीय सरकारलाई अत्यन्तै हम्मे परिरहेको अवस्था छ । प्रायः हामी सुन्ने गर्छौं, स्कुलमा क्वारेन्टाइन बनाउनु भएको छ । त्यो क्वारेन्टाइनमा हुलमुलमा यस्तो भइहाल्दैन कि भनेर दुईचार जनालाई भनेर बनाएको क्वारेन्टाइन एक्कासि थुप्रै मान्छे आउँदा अव्यवस्थित क्वारेन्टाइनहरु त्यहाँ रहेका छन् र ती क्वारेन्टाइनमा तलमाथि बनाउनका लागि गाडीको व्यवस्था स्थानीय सरकारले गरेको पनि सुन्नमा आएको छ । ती स्थानीय सरकारसँग सम्झौता गरेर ती हाम्रा भारतबाट आएका मान्छेहरुलाई तलमाथि क्वारेन्टाइनमा लैजाने ल्याउने गर्दा पनि अहिले ती डाइभरहरुले, गाडी चालकहरुले नमानेको अवस्था छ । घरमा विवाद भएको अवस्था छ । यसैले यो गाडी चालकहरुलाई गाडी मालिकहरुलाई अथवा सम्भव भएसम्म हामीले प्रत्येक पालिकामा यस्तो प्रकारको हाम्रो स्वास्थ्यको दृष्टिकोणले सुरक्षित डाइभरहरुलाई व्यवस्था मिलाउनका लागि पनि म अनुरोध गर्दछु । र, अर्को कुरा यो क्वारेन्टाइन गाउँपालिकाको स्रोतले धान्न सक्ने अवस्था छैन । नभएको अवस्था छ । यसैले हाम्रो सरकारले प्रदेश सरकारले पनि पालिकाहरुमा तत्कालै जे सकिन्छ आर्थिक रुपमा भन्न परो सहयोग गर्नको लागि आर्थिक रुपमा हामीले पुराइदिनका लागि म अनुरोध गर्छु । र विशेषगरेर हाम्रो बाग्लुङ जिल्ला, बाग्लुङ जिल्लाको पनि पश्चिमी भेग विशेषगरेर ४ वटा पालिका यो ४ वटा पालिका, निसीखोला गाउँपालिका, ढोरपाटन नगरपालिका, तमानखोला गाउँपालिका र बडीगार्ड गाउँपालिका बाग्लुङ जिल्ला सदरमुकामबाट नब्बे सय किलोमिटर पर र त्योभन्दा माथिका गाउँको सदरमुकाम आउन करिब त्यत्तिकै दुरीमा भएको हुनाले त्यहाँ भएका क्वारेन्टाइनमा भएका मान्छेहरुलाई व्यक्तिहरुलाई आरडिडि गर्नका लागि र पिसिआर गर्नका लागि भिटिएम अभाव छ । अभाव भएको खबर आएको छ । त्यसैले पूरा गरिदिनु हुन म अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय धनमाया पोखरेल लामा (समय ५ मिनेट)**

माननीय सभामुख महोदय,

हाल विश्व नै कोरोना भाइरस (कोभिड १९) विरुद्ध असह्य युद्धमा लडिरहेको छ । कोरोना भाइरस संक्रमणका कारण हाल विश्वमा ठूलो माननीय क्षति सँगै आर्थिक मन्दी हुँदै गइरहेको अवस्था सर्वविदितै छ । यसको प्रत्यक्ष असर नेपालले पनि भोगिरहेकै छ । विगत चौसठ्ठी दिन यता हामी लकडाउनमा छौं । बन्दाबन्दीकै बन्दाबन्दी नै कोरोना भाइरसबाट जोगिने मुख्य अस्त्र हो । जुन हाम्ले प्रयोग गरिरहेका छौं ।

माननीय सभामुख महोदय,

नेपालमा कोरोना भाइरस संक्रमणले निम्त्याएको लकडाउनका कारण उद्योग, पर्यटन र रेमिट्यान्समा ठूलो असर देखिन्छ र साथै अर्थतन्त्र र श्रम बजार संकटको अवस्थामा छ ।

लकडाउन अर्थात बन्दाबन्दीको समय गण्डकी प्रदेशले दैनिक कुल ग्राहस्थ उत्पादन रु.३८ करोड ६२ लाखको दरले नोक्सानी व्यहोर्दै आइरहेको छ । कोरोना भाइरस महामारीमा महामारीको बढ्दो प्रकोपको उचित व्यवस्थापन गर्दै दैनिक रुपमा ओरालो लागेको हाम्रो अर्थतन्त्तलाई चलायमान बनाउन आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने खालको कार्यक्रम तत्काल घोाणा गर्न माननीय सभामुखमार्फत प्रदेश सरकारलाई हार्दिक अपील गर्दछु ।

माननीय सभामुख महोदय,

कोरोना भाइरससँग लड्नुको निमित्त हामी आर्थिक, भौतिक, सामाजिक र मानसिक रुपमा तयार हुनुको विकल्प छैन । हरेक चुनौतीलाई हामीले अवसरको रुपमा परिणत गर्न सक्नु पर्दछ । कोरोना भाइरस महामारी हाम्रो लागि महासंकट हो । यो समय चुनौतीको सामना गर्दै स्वास्थ्य क्षेत्रलाई उकास्ने थप महत्वपूर्ण अवसर अवसर पनि हो । र, स्वास्थ्यकर्मीहरुको उचित व्यवस्थापन, हस्पिटलको भौतिक पूर्वाधार विकास, आधुनिक प्रयोगशालाको निर्माण र प्रदेशभित्रका आम जनताको स्वास्थ्य बिमालाई व्यापक र प्रभावकारी बनाउन र कोरोना भाइरस संक्रमणको पिसिआर परीक्षण परीक्षणको दायरा बढाउन प्रदेश सरकारलाई म जोडदार माग गर्दछु ।

माननीय सभामुख महोदय,

आज देश कोरोना भाइरस संक्रमणको कारण आक्रान्त छ । हाम्रो चालु बजेट खर्च जम्मा ३० प्रतिशतमा मात्र सीमित रहेको छ । प्रदेश सरकारले लकडाउन भित्र पनि विकास निर्माणलाई निरन्तरता दिने नीति निर्णय गर्दै गर्दा जिल्लाको ठूलो अड्डा मानिने सिडिओ कार्यालय त्यसको विपरीत निर्णय गर्छ । अवस्था आउन सक्छ । लकडाउनमा पनि सिडिओले आफ्नो क्षमता र पहुँचको राम्रै प्रदर्शन गरेको अनुभूति दिलायो । यदि संघीयतालाई बलियो बनाउने हो भने सिडिओ कार्यालय प्रदेश मातहत हुनुपर्छ । अन्यथा प्रदेश सभाको अस्तित्वमाथि नै ठूलो प्रश्नचिन्ह उठ्ने प्रवल सम्भावना देखिन्छ र यसमा प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । हस् त धन्यवाद ।

**माननीय सदस्य मोहनप्रसाद रेग्मी (समय ५ मिनेट)**

माननीय सभामुखज्यू,

आज मुलुकभर देखा परेको कोभिड १९ (कोरोना भाइरस) को विरुद्ध सिंगो मुलुकलाई एक बनाएर यसका विरुद्ध जुध्नको लागि विशेष गरेर सम्माननीय प्रधानमन्त्री केपी ओलीको नेतृत्वले जुन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ र राष्ट्रियताको सवालमा नेपाली जनताको राष्ट्रिय स्वाभिमानको लडाइँमा अतिक्रमित भूमिलाई नेपाल भूमिको नक्सा भित्र सीमित

गरेर, नक्साभित्र समावेश गरेर नेपालीहरुको शिर ठाडो गराउने काम गर्नुभएको छ, म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

विशेषगरेर आज म स्याङ्जाका सन्दर्भमा थोरै कुरा गर्न चाहन्छु । माननीय प्रदेश सरकारका मुख्यमन्त्रीले यो गण्डकी प्रदेशको कोरोना भाइरसको विरुद्ध जनताको जिउधनको सुरक्षाका सन्दर्भमा यस्तो विविध पक्षमा जुन ढंगले क्रियाशीलताका साथ यो प्रदेशलाई ग्रिन जोन बनाउने ढंगले सरकार अगाडि बढिरहेको थियो, हामीलाई विश्वास थियो, सुरुमै उपचारको क्रमबाट सुरु भएर आज ग्रिन जोनको रुपमा भइरहेको बेला आज फेरि सुखद परिस्थिति सिर्जना भएको छ, यद्यपि हामी हतोत्साही हुनुपर्ने छैन । स्याङ्जाको वालिङमा क्वारेन्टाइनमा रहेका भारतबाट आएका दुई जना व्यक्तिहरु पोजेटिभ देखिएपछि स्याङ्जा जिल्ला हस्पिटल जहाँ आइसोलेसन बार्डको रुपमा स्थापित छ । गण्डकी प्रदेशको मातहत रहेको हस्पिटल हो । त्यहाँ उपचारका क्रममा ल्याइएको जानकारी भएको छ । र म सबैभन्दा पहिलो त्यो आइसोलेसन बार्ड यसको व्यवस्थपन र उपचारको क्रममा विशेष ध्यान दिन आग्रह गर्न चाहन्छ र आवश्यक पर्छ भने प्रदेशको आइसोलेसन वा उपचार केन्द्रमा ल्याएर भए पनि उपचार गर्नका लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । र अर्को कुरा वालिङको पिएचसी जहाँ सबैभन्दा बढी बिरामीहरु आउने केन्द्र छ । त्यहाँ डक्टर छैनन् । एकजना डक्टरलेमात्रै उपचारको क्रममा खटिइरहनुभएको छ । र, म आग्रह गर्न चाहन्छु त्यो वालिङमा विशेष व्यवस्था गरेर भिटिएम उपलब्ध गरी पिसिआर समेत गर्ने अवस्था सिर्जना गर्नको लागि विशेष गण्डकी प्रदेश सरकार र सामाजिक विकास मन्त्रालयको म ध्यान ध्यानाकर्षण गर्न चाहन्छु । स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइन, त्यसको व्यवस्थापन र अझै त्यसलाई व्यवस्थित गर्ने ढंगले पनि ध्यानाकर्षण गर्न चाहन्छु । स्वास्थ्यकर्मीको लाई उत्साहित बनाउने र उनीहरुको आवश्यक पर्ने स्वास्थ्य सामग्री उपलब्ध गराएर उपचारमा खट्ने वातावरण सिर्जना गर्नको लागि पनि म हार्दिक अनुरोध गर्न चाहन्छु ।

र, माननीय सभामुखज्यू,

म सभामुखज्यूमार्फत गण्डकी प्रदेशको ध्यानाकर्षण गर्न चाहन्छु कि स्याङ्जाका धेरै पालिकाहरु असिनाको कारण त्यहाँका किसानहरु मर्कामा परेका छन् । करिब १८ करोड क्षति भएको छ । त्यतिमात्र होइन, वालिङ क्षेत्रमा रहेको बंगुर व्यवसायी जसले अहिले बंगुरका हजार जति माउ र  पाठापाठी गरेर छन्, यिनीहरुको व्यवस्थापन र बिक्री वितरण गर्न नसक्दा प्रताडित बनेका छन् । कुखुरा व्यवसायीहरु त्यसैगरी प्रताडित बनेका छन् । र, मौरीपालन किसान १ सय २२ घारभन्दा बढी क्षति भएर श्याम अर्यालको मौरी पालन व्यवसाय क्षतविक्षत भएको छ, त्यस्ता थुप्रै स्याङ्जामा भएका कृषकहरुका क्षति कृषकहरु उत्पादनमा लाग्ने स्वरोजगार र रोजगारका अवसरहरुमा जसरी किसानहरु अगाडि

बढिरहनुभएको थियो, उत्पादन वितरण प्रणाली र त्यसको व्यवस्थापनमा ध्यान दिंदै तत्काल राहत उपलब्ध गराउनको लागि म गण्डकी प्रदेश सरकार र भूमि व्यवस्था तथा कृषि मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सदस्य श्री मीना गुरुङ (समय ५ मिनेट)**

माननीय सभामुखज्यू,

हामी सबै यतिबेला विश्वमै महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संकटकालीन अवस्थामा छौं । आज म सर्वप्रथम कोरोनाको कारणले मृत्यु भएका स्वदेश तथा विदेशका नागरिकहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु भने यतिबेला संक्रमण भई शीघ्र स्वास्थ्य लाभको लागि रहनुभएका हाम्रा नागरिकहरुको पनि म छिटोभन्दा छिटो स्वास्थ्य लाभको पनि कामना गर्दछु ।

आफू पनि बचौं र अरुलाई पनि बचाऔं भन्ने सरकारको निर्देशनप्रति सजग हुँदै आ-आफ्नो काम कर्त्तव्यतर्फ अगाडि बढ्ने प्रयासमा हामी सबै जुटिरहेका छौं । यो अचानक मानव समुदायको लागि अभिषाप बनेर आएको कोभिड १९ बाट सुरक्षित हुनु हाम्रो पहिलो प्राथमिकतामा पर्दछ । यतिबेला हामीले सरकारको निर्देशन पालना गरी बन्दाबन्दीमा बसेकै कारणले सुरक्षित पनि भएका हौं तर चाहेर पनि बन्दाबन्दीमा बस्न नसकी भारतबाट बाध्यतावश विभिन्न नाका हुँदै देशभित्र प्रवेश भएका नागरिकहरुको कारणले हाम्रो पनि संक्रमित संख्यामा वृद्धि भएको  छ । यो संख्यालाई बढ्न नदिन र कोरोनाको कारणले आजसम्म भएको ४ जनाको मृत्यु भएता पनि अब कोही पनि मृत्यु हुन नपरोस् भन्ने उद्देश्यका साथ संघ, प्रदेश र स्थानीय र हामी सम्पूर्ण जनप्रतिनिधिहरु सशक्त आफ्नो दायित्वप्रति सजग भई अगाडि बढ्नु आजको हाम्रो पहिलो प्राथमिकतामा परेको छ । चार महिनाको अवधिमा हाम्रो देशमा अहिले ५ सय ८४ जना संक्रमित भएको छ भने १ सय १२ जना निको भई घर फर्कि सक्नु भएको यो पनि हाम्रो लागि निको भएको हाम्रा नागरिकहरुको बारेमा सुन्दा ज्यादै खुसीको कुरा हो ।

माननीय सभामुखज्यू,

विश्वभरिको संक्रमितको संख्या हेर्दा साढे ३ लाखको जुन हामीले हाराहारीमा त्यो समाचार सुन्दा हामी त्यो त्रसित बन्न संक्रमितको संख्या पक्कै बढ्न सक्छ । तर विदेशमा पनि हाम्रा धेरै नेपाली पनि त्यसमा पनि गोर्खा भूपूहरुको ज्यान पनि कोरोनाकै कारण लिएको यो खबरले पनि ज्यादै नै दुखित पनि भएका छौं । उहाँहरुप्रति पनि आफू पनि गोर्खाको परिवारको नाताले उहाँहरु. व्यक्त गर्न चाहन्छु । यो कोरोन नियन्त्रण तथा क्यारेन्टाइन अनि बन्दाबन्दीमात्र एउटा मात्रै विकल्परहित उपाय भएकोले अब कोरोनाको प्रभावबाट

विश्वभरिकै अर्थतन्त्रमा जुन संकूचन आएको त्यसलाई खुला गर्नको लागि हाम्रो राष्ट्रले पनि अब बिस्तारै बिस्तारै अगाडि बढ्नुपर्ने र यो कोरोनालाई एउटा जीवनशैलीको रुपमा अवलम्बन गर्दै हामीले आफ्नो विकासको लहरलाई रोक्न नहुने भन्ने कुरा हामी माझ एउटा सम्झौता , एउटा समझदारी अगाडि बढिसकेको छ । मानवको जीवन धारासयी नै बनाइरहेको यो कोरोना यसलाई हामी अब कसरी बस्ने ? सुरक्षित हुने र आफ्नो नीतिसँगसँगै अब कसरी अगाडि बढ्न भन्ने सन्दर्भमा हिजोमात्रै हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले देशवासीको रुपमा गर्नुभएको सम्बोधनले हामीलाई अझै आत्मबल बढाएको छ । मानिसका लागि जीवन पहिलो कुरा हो भन्ने उहाँको हृदयस्पर्शी अभिव्यक्तिले मन छोएको छ । उहाँ आफै पनि स्वास्थ्यको कारण कमजोड देखिए पनि उहाँको आत्मबल सकात्मक सोच र परिस्थितिसँग जुध्ने क्षमताको म व्यक्तिगत रुपमा सम्मान तथा अभिभावदन गर्न चाहन्छु । र उहाँको अदम्य साहसले पनि अनुशरण गर्नुपर्दछ र हिजो अर्को खुसीको कुरा हाम्रा ६० वर्ष मुनिका एकल महिला र नीलो कार्ड प्राप्त अपांगहरुको सामाजिक भत्ता साथै अरु कुनै पनि भत्ता कटौती नगर्ने भन्ने सूचना सुन्न पाउँदा ज्यादै हर्षित भएकी छु । त्यसको लागि पनि म हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सम्पूर्ण हाम्रो सरकारलाई धेरै धेरै आभार व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुखज्यू,

कोरोनाको यो विपद्को घडीमा को र के नभनी अनकतामा एकता र विविधतामा पनि राष्ट्रियता हाम्रो साझा सवाल हो । (समय सकियो माननीयज्यू) हवस् मेरो कुरा त बाँकी नै थियो । हवस् धन्यवाद ।

**माननीय बिन्दुकुमार थापा (समय ६ मिनेट)**

सभामुख महोदय,

मुलुक अहिले कोरोना महामारीले आक्रान्त भइरहेको अवस्थामा छ । सरकारले गत चैत्र ११ गतेदेखि मुलुकभरमा गरेको लकडाउन आजसम्म २ महिनाभन्दा बढी दिन बितिसकेको छ । आमजनताको दैनिक जनजीवन कष्टकर बन्दै गइरहेको छ । शिक्षा, पर्यटन, घरेलु तथा साना उद्योग, कृषिजन्य व्यवसाय क्षेत्र बढी प्रभावित बनेका छन् । स्वास्थ्य पूर्वाधार खासै स्तरीय नभएको हाम्रो जस्तो देशमा लकडाउनमात्रै सबैभन्दा ठूलो उपचार पनि हो । माननीय मुख्यमन्त्रीज्यूले अस्ति यो गण्डकी प्रदेशको छैटौं अधिवेशनमा जुन सम्बोधन गर्नु भयो, त्यो सम्बोधनमा विभिन्न १० वटा समितिहरु चाहिँ व्यवस्थापन गर्न सकिएको कारणले यो कोरोनासम्बन्धीको नियन्त्रणको लागि र यसलाई चाहिँ उपचार पद्दतिमा अथवा चाहिँ यो पिसिआर र आरडिटी टेस्टको जुन किटहरुको व्यवस्थापन गर्ने सवालमा धेरै महत्वपूर्ण

भूमिका यो समितिहरुले गरेको भन्ने कुरा चाहिँ मुख्यमन्त्रीज्यूको सम्बोधनमा सुन्न पायौं । मलाई के लाग्छ भने यो आपूर्ति व्यवस्थापन समिति पक्का पनि यसमा कास्की जिल्लाको कुरा गर्नुपर्दा खेरी आपूर्तिमा चाहिँ कुनै पनि किसिमको समस्याहरु अहिलेसम्म झेल्नुपरेको छैन र अलिकति महँगी अथवा कालोबजारीका कुराहरु पनि त्यति ठूलो हामीले सुन्नमा आएको छैन । त्यसकारण आपूर्ति व्यवस्थापन समिति चुस्त दुस्त रहेको म सरकार समक्ष म अनुरोध गर्न चाहन्छु  र अरु अन्य समितिहरुको हकमा म विशेषगरेर यो मुख्यमन्त्रीज्यूको सम्बोधनमा क्वारेन्टाइनको व्यवस्थापन गर्ने कुराहरु, त्यसपछि आइसोलेसन बार्डको कुराहरु, त्यसपछि डेडिकेटेड अस्पताल अथवा कोरोना विशेष अस्पतालका कुराहरु प्रसंग एकदम चुस्त दुरुस्त र राम्रोसँग व्यवस्थापन गर्न सकेको कारणले हालसम्म यो गण्डकी प्रदेशमा त्यस्तो अप्रिय घटना नघटेको कुराहरु चाहिँ हामीले सुन्नमा पायौ ।

मलाई के लाग्छ भने हामी हिजो कास्कीका प्रमुख जिल्ला अधिकारीसँग यो कास्की जिल्लाभरिका माननीय ज्यूहरुसँगको एउटा अहिलेसम्म कोरोनासम्बन्धीको के के डेभलपमेन्टहरु भए ? र, आगामी रणनीतिहरु कस्तो छ भन्ने विषयमा थप व्यापक रुपमा हामीलाई जानकारी गराइएको थियो । त्यसमा यो क्वारेन्टाइनको सन्दर्भमा म अलिकति कुराहरु राख्न चाहन्छु ।

सभामुख महोदय,

अहिले पनि यो भारतको विभिन्न सिमाना नाकाबाट कास्की जिल्लामा पाँच जना सात जनाको दरले भारतमा काम गरिराखको नेपाली आइरहेको अवस्था छ । जबकि यसको मापदण्ड अनुसार आरडिटी टेस्ट गरेरमात्रै सिमानाकाबाट जिल्ला जिल्लामा पठाउनुपर्ने त्यहाँको पालिकाहरुमा पठाउनका लागि जिम्मा लगाउनको लागि तर चाहिँ आरडिटी किटको अभाव देखाउँदै यो आरडिटी टेस्ट पनि नगरीकन सिमानाकाबाट सिधै अहिले कास्की जिल्लामा आइराख्नु भाको छ, र यहाँ पनि यहाँको क्वारेन्टाइनमा पनि आरडिटी किटको अभावको कारण सिधैं क्वारेन्टाइनमा राखिएको अवस्था छ । त्यसकारण म यो सभामुखमार्फत सामाजिक विकास मन्त्रीको गम्भीर ध्यान आकृष्ट गर्न चाहन्छु । यहीकारणबाट बाँकेमा क्वारेन्टाइनकै कारण बाँकेमा एक जना २५ वर्षीय युवक बम्बईबाट आउनुभएको थियो, उहाँको कारण उहाँको मृत्युको कारण त्यो क्वारेन्टाइनमा ४७ जनालाई एकैचोटी सरेको कुरा त्यो समाचार पनि जीवितै छ । . त्यसकारण यो क्वारेन्टाइन  कोरोना रोग फैलाउने उद्योगको रुपमा क्वारेन्टाइन स्थल देखिएको छ । त्यसकारण क्वारेन्टाइनलाई डब्लुएचओको मापदण्ड अनुसार व्यवस्थित गरियोस् र यो आरडिटी किट र पिसिआर किटको जुन अभाव छ , जुन चाहिँ यो पिपिईका कुराहरु स्वास्थ्य सामग्रीका कुराहरु धेरै आइराखेका छन्, र यहाँका डक्टरहरु पनि अहिले कोरोनाको उपचार गर्नका लागि डेडिकेटेड

अस्पतालका डाक्टरहरु पनि कोरोना उपचारका लागि मानसिक रुपमा तयार नभइरहेको अवस्था छ । त्यसकारण उहाँहरुको मनोबल उच्च गराउनको लागि पनि सरकारको म ध्यान आकृष्ट गर्न चाहन्छु । त्यसकारण मैले सुझावको रुपमा यो यो आरडिटी र पिसिआर टेष्टहरु स्वास्थ्य सामग्रीहरु, पिपिई समेतको सामग्रीहरु यथोचित व्यवस्था गर्नको लागि र स्वास्थ्यकर्मीहरुको मनोबल उच्च गराउनको लागि होम क्वारेन्टाइनलाई अझ व्यवस्थित गर्नेतर्फ हामी लाग्नुपर्छ कि भनी म सुझाव दिन चाहन्छु । किनभने क्वारेन्टाइनस्थलमा पचास साठी जना एकै ठाउँमा बस्नुपर्ने भएको हुँदाखेरी त्यही खालको डाक्टरहरु, एम्बुलेन्सको व्यवस्था यी सबै कुराहरुको व्यवस्था नहुने भएको हुँदा खेरी होम क्वारेन्टाइनलाई अझ व्यवस्थित गर्नको लागि म सुझाव राख्न चाहन्छु ।

होटललाई पनि क्वारेन्टाइनको रुपमा विकास गर्नको लागि प्रदेश सरकारले होटलहरु भाडामा लिएर क्वारेन्टाइनलाई व्यवस्थित गरोस् भन्ने पनि म सुझाव राख्न चाहन्छु । त्यस्तै, आरडिटी पिसिआर टेस्टको दायरा फराकिलो बनाउनको लागि पनि म प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य प्रभा कोइराला (समय ५ मिनेट)**

सभामुख महोदय,

आज विश्व कोरोना महामारी (कोभिड १९) को महामारीको चपेटामा परिरहेको अवस्थामा कोभिड १९ को तर्फबाट मृत्यु हुने सबै महानुभावहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र बिरामी परेका सबै व्यक्तित्वहरुलाई स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु ।

सभामुख महोदय,

सुगौली सन्धिपछिको नेपालको भूगोल र नक्साबारेमा हामी नेपालीले कहिल्यै पढ्न र लेखन पाएनौं । इतिहास पढ्दा र कम्युनिष्ट आन्दोलनमा लाग्दा भारतले नेपालको विभिन्न क्षेत्रमा सिमाना अतिक्रमण गरेको र पश्चिम नेपालको कालापानी लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा त सेना नै राखेको हुनाले विभिन्न फोरमहरुम बोल्ने युवा विद्यार्थीहरुले अभियान मार्फत सन्देश दिने कलाकारहरुले गीत र साहित्यले लेख रचनामार्फत जागरण अभियान चलाएकै थियौं । २०५१ सालमा पहिलो कम्युनिष्ट सरकारका प्रधानमन्त्री कमरेड मनमोहन अधिकारीले १९५० को सन्धि सच्चाउने र सिमाना व्यवस्थित गर्ने योजना बनाउनुभयो, तर पूरा हुन सकेन । त्यसपछि विभिन्न बेलामा बनेका सरकारले यति कडा र व्यवस्थित रुपमा प्रस्तुत हुन सकेनन् । अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको सरकारले आफ्नो कार्यकालमा आफ्नो २०७७, ७८ सालको सरकारको नीति तथा कार्यक्रममा कालापानी लिपुलेक र लिम्पियाधुरा सहितको

जमिन फिर्ता गर्ने गरी राष्टिय एकता सहित पास गरेर नयाँ नक्सा समेत प्रकाशित गऱ्यौं । निशान छाप संशोधनको लागि संविधान संशोधन प्रस्ताव सदनमा पेस गर्नुभएको छ । संशोधन पश्ताव पेस गर्नुभएसँगै कुटनीतिक पहल समेत भइरहेको छ । सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल सरकारलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । यो कार्यको लागि सहयोग गर्ने राजनीतिक दलहरु, सामाजिक संघसंस्था, नागरिक समाज, संचार, मिडिया, प्राविधिक सबैलाई धन्यवाद भन्न चाहन्छु ।

अहिले हामी विश्व कोभिडकै अवस्थामा छौं । विश्व कोरोनोले कोरोना १९ ले आज विश्वमा आहात फैलाइरहेको यो अवस्थामा यो चपेटामा परेको यो संक्रमण दिनदिनै फैलिदो अवस्थामा छ । यसबाट हामी सचेत हुन र सतर्कता अपनाउन जरुरी छ । यो रोगको रोकथाम, नियन्त्रण र उपचारमा नेपाल सरकारले समयमै अपनाएको सतर्कताको लागि धन्यवाद भन्न चाहन्छु । जसले गर्दा अहिले सम्म विश्वको स्थितिभन्दा नेपालको जोखिमको स्थिति नियन्त्रणमा नै छ । यो कोरोना महामारीविरुद्ध पहिलो पंक्तिमा रहेर खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुलाई उच्च सम्मान व्यक्त गर्न चाहन्छु । यसमा लागिपरेर जनताको जीउ धनको सुरक्षाको लागि खटिने प्रदेश सरकार माननीय मन्त्री, सांसदहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, सामाजिक संघसंस्था, व्यवसाय, प्राविधिक सहित आमजनसमुदायहरुलाई आभार व्यक्त गर्न चाहन्छु । यो अप्ठ्यारो परिस्थितिमा नेपाल सरकारमा नेपाल सरकारको नेतृत्व गरिरहनुभएको सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको यो सरकारलाई समयमै सुझाव दिन दियौं, समयमै सुझाव सहित हामी आ आफ्नो ठाउँमा खटौं डटौं । हामी जोगियौं र सबै नेपाली जनतालाई जगाउनका लागि नेपालीको अभियान सफल बनाउनका लागि कोरोनो महामारीबाट विजय निश्चित प्राप्त छ भन्ने समेत म राख्न चाहन्छु । हाम्रो भविष्य उज्ज्वल छ, हरेक ठाउँमा सतर्कता, सजगताका साथ अगाडि बढ्न सकियो भने हाम्रो भविष्य अझै उज्ज्वल छ भन्न चाहन्छु । धन्यवाद ।

## माननीय सदस्य श्री राजीव पहारी (समय ६ मिनेट)

सभामुख महोदय,

विश्वकै सबैभन्दा धनी मुलुक अमेरिकामा कोरोनाको कारणले ९९ हजार ८ सय ५ जनाको मृत्यु भइसकेको छ । विश्वभरि ३ लाख ४७ हजार ९ सय ७ जनाको मृत्यु भएको छ भने सबैभन्दा छिमेकी मुलुक चीनबाट सुरुआत भएको यो कोरोनाबाट नेपालमा जम्मा ४ जनाको मात्र किन मृत्यु भएको छ, सभामुख महोदय ? यो चार जनाको मात्र मृत्यु हुनुको पछाडि हालसम्म ६ सय ८२ जना यसमा संक्रमित हुनुको पछाडि नेपाल सरकारले गण्डकी प्रदेश सरकारले कोरोना रोकथाम र नियन्त्रणको निम्ति लिएको सही नीति, दृष्टिकोण र प्रभावकारी कार्यान्वयनको कारणले नै हो । तसर्थ म माननीय सभामुखमार्फत सबैमा हार्दिक

निवेदन गर्न चाहन्छु कि हामीले अहिले कोरोनाबाट हामीलाई जोगाइदियौं भनेर मुक्तिनाथ र पशुपतिनाथलाई विश्वास नगरौं । गण्डकी प्रदेश सरकारलाई विश्वास गरौं । गण्डकी प्रदेश सरकारलाई सहयोग गरौं । हिजो पनि भारतबाट २ जना कोरोना संक्रमित आएका थिए, बाग्लुङमा । गण्डकी प्रदेश सरकारले माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङ आफै फिल्डमा खटेर ती २ जनाको कोरोना निको भयो । आज पनि स्याङ्जामा २ जना कोरोना संक्रमित भएका छन् । भारतबाट आएका ती पनि सन्चो हुने छन् । हामीले प्रदेश सरकारले गरेका कामलाई सक्छौ सहयोग गरौं । सक्दैनौं हामीले विरोध निमित्त विरोध नगरौं भन्न चाहन्छु सभामुख महोदय,

*हुन त फूलको आँखामा फूलै संसार,*

*काँडाको आँखामा काँडै संसार ।*

तिर जान चाहन्न । एउटा मान्छेको कामले कति फरक पर्दो रहेछ नेपालमा भन्ने कुराको आज विश्वभरि रहेका नेपालीहरु नेपाल भित्र रहेका नेपालीहरुको गर्वले छाती फुलेको छ । शिर चौडा भएको छ । नेपाल सरकार र सम्माननीय प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले कालापानी, लिपुलेक र लिम्पियाधारा जुन भारतले अतिक्रमण गरेको थियो, त्यो फिर्ता ल्याउनका लागि जुन प्रक्रिया अगाडि बढाएको छ । म सरकारलाई नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आभार व्यक्त गर्न चाहन्छु ।

र, सभामुख महोदय,

नेपाल कृषिप्रधान देश हो भनेर हामीले भन्दै आएका छौं । तर गत वर्षमात्र ३३ अरबको चामल, १३ अरबको मकै, ७ अरबको आलु, ६ अरबको स्याउ, ७ अरबको मरिच र २ अरबको केरा हामीले विदेशबाट आयात गरेका छौं । अझ भारतबाट नेपालले कुल आयातको ७४ प्रतिशत हामीले भारतबाट आयात गर्छौं । गत आर्थिक वर्षमा मात्र नेपालले १४ खरब १८ अरब रुपैयाँको कुल आयात मध्ये ९ खरब १७ अरब ९२ करोड रुपैयाँको आयात भारतबाट गरेको छ । भारतबाट तरकारी, फलफूलमात्र आएको छैन, विष पनि आएको छ । सँगसँगै कोरोना पनि आएको छ । तसर्थ हामीले यो तरकारी फलफूल खाद्यान्नमा आत्मनिर्भर हुनको निम्ति अहिले गण्डकी प्रदेश सरकारले मुख्यमन्त्री वातावरणमन्त्री नमुना कृषि गाउँ कार्यक्रम संचालन गरेको छ । त्यही अन्तर्गतको कार्यक्रम हेर्नको निम्ति हिजोमात्र अन्नपूर्ण वडा नम्बर ३ पाहुँदुर गएको थिएँ । सभामुख महोदय ।

त्यहाँ ३० लाखको लगानीमा ५० वटा टनेल र सुधारिएको भकारी लगायत कृषि उपजसँग सम्बन्धित चिजहरु निर्माण गरि त्यहाँ ब्यापक रुपमा फलफूल र तरकारीहरु उत्पादन भको छ । ती मैले अनुगमन र अवलोकन पनि गरियो । तसर्थ म प्रदेश सरकारलाई अनुरोध गर्न

चाहन्छु, यो लकडाउनको पोखरालाई पुग्ने तरकारी फलफूल, यही पोखरा र कास्कीका आसपासका ठाउँहरुमा उत्पादित चिजहरुले नै पुग्ने स्थिति छ । कम्तीमा गाडीको व्यवस्था गरेर ती फलफूल तरकारी बजारमा ल्याएर बिक्री वितरण गर्ने व्यवस्था प्रदेश सरकारले मिलाओस् । र, यही लकडाउनकै अवधिमा त्यसलाई पनि एउटा खाद्यान्न सामग्रीभित्र अति आवश्यक कुराभित्र राखेर यसलाई ल्याउने खालको व्यवस्था मिलाउनको निम्ति म प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु, आग्रह गर्न चाहन्छु र अहिले जुन गण्डकी प्रदेश सरकारले कोरोना रोकथाम र नियन्त्रणको निम्ति जुन खालको प्रभावकारी ढंगबाट भूमिका खेलेको छ, जसको कानुनले आज अन्य ६ वटा प्रदेशहरुमा कोरोनाको चाहिँ दिन दुई गुना, रात चौ गुना दरले वृद्धि भइरहेको बेलामा पनि यहाँ त्यो खालको अवस्था छैन । तर अब चाहिँ भारतबाट र अन्य प्रदेशहरुबाट पिसिआर टेष्ट नगरी पठाइदिने क्रमले गर्दा यो बढ्न सक्ने स्थिति हुन सक्छ । तसर्थ प्रदेश सरकारले थप फेरि पनि यो क्वारेन्टाइनहरु अरु बनाउने हिसाबले थप अगाडि बढाओस् र खास गरेर होटलहरुलाई यो चाहिँ क्वारेन्टाइन बनाउने गर्दा खेरी यो थप सुरक्षित पनि हुने, व्यवस्थित पनि हुने भएकोले यता तिर पनि ध्यान आकृष्ट गराओस् भन्ने कुरा राख्दै अन्तिममा भोलि बिहान हुन्छ, आजको रात पर्खौ नेपाली जनताको सरकार छ, गरिब निमुखा श्रमिकहरुको गण्डकी प्रदेश सरकार छ , यो रोग र भोकबाट कोही पनि जनतालाई मर्न दिंदैन । कोरोना रोकथाम नियन्त्रण गर्नका लागि विगतमा प्रभावकारी भूमिका खेलोस्, खेल्ने छ भन्ने अपेक्षा राख्दै यो जल्लाई जल्लाई जो हिडेको छ, त्यल्लाई च्याप्प समातेर टेष्ट गर्ने त होइन होला नि । सभामुख महोदय । रोग लागेर. उपचार गर्नुभन्दा रोग लाग्नै नदिने जुन काम गरेको छ, प्रदेश सरकारले म. धन्यवाद दिन चाहन्छु धन्यवाद ।

माननीय सदस्यहरु,

विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु अब म माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई विधायन समितिको प्रतिवेदन सहित वातावरण संरक्षण गर्न बनेको विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७६ माघ ५ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलका लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित वातावरण संरक्षण गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को

उपनियम २ को (क) बमोजिम समितिको प्रतिवेदन. सहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत छु । धन्यवाद ।

अब म उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला, त्यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब विधायन समितिको प्रतिवेदन सहितको वातावरण संरक्षण गर्न बनेको विधेयकमाथिको दफाबार छलफल प्रारम्भ हुन्छ ।

छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य इन्द्रधारा बिष्टज्यूलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य इन्द्रधारा बिष्ट**

सभामुखज्यू,

वातावरण संरक्षण गर्न भनिएको विधेयकको दफाबार छलफलमा यहाँ उभिरहेको छु । सर्वप्रथम त जटिल परिस्थिति कोभिड १९ का कारण विश्वमा जुन यो महामारीका कारण मृत्यु हुनु भको छ, उहाँहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । र, साथै यो कोभिड १९ का कारण संक्रमित हुनुहुन्छ, उहाँहरु सम्पूर्णको स्वास्थ्य लाभको कामना गर्दछु ।

सभामुखज्यू,

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले धेरै मेहनेतका साथ यो विधेयक तयार पार्नुभएको छ। त्यसमा मेरो र मेरो दलको तर्फबाट हार्दिक धन्यवाद मन्त्रीज्यू, सचिवज्यू र सम्पूर्ण मन्त्रालयका कर्मचारी साथीहरुलाई ।

सभामुखज्यू,

यो विधेयकको दफा १ देखि १० सम्म र केही उपदफाहरु सरसर्ती अध्ययन गर्दा धेरै राम्रो तयार भएको महसुस गर्दै अब हाम्रो प्रदेशको पूर्वाधार विकासको एउटा डामाडोल (तगारो) लगाएर उभिएको ईआईए भन्ने अब यस विधेयकले त्यो तगारोबाट.हाम्रो प्रदेशलाई विकास पूर्वाधार निर्माणमा सहज बनाउने कुरामा दुईमत छैन । त्यसैले मेरो र मेरो दलको तर्फबाट साथ समर्थन रहेको जानकारी गराउँदछु ।

सभामुखज्यू,

थोरै दफाहरुमा सुझाव राख्ने प्रयत्न गरें । दफा नम्बर ४ मा प्रदेश वातावरण संरक्षण कोषको स्थापना र संचालन भन्ने छ, त्यसमा चाहिँ (क) मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम । स्वदेश व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम । र, विदेश सरकार वा अन्तर्राष्टिय संघसंस्थाबाट प्राप्त रकम भन्ने छ । त्यसमा एउटा अर्को ग थपेर जलवायु परिवर्तनमा जो जसले कार्बनडाइअक्साइड बढी उत्पादन गरेको विकासित मुलुकले जुन एउटा तिर्ने रोयल्टी छ, त्यो रोयल्टी पनि यो प्राप्त रकममा समावेश गर्न सक्यौं भने मलाई के लाग्छ भने संघीय सरकारले पनि घच्घच्याएको र हाम्रो जुन यो जलवायु परिवर्तनमा दिइरहेको योगदान छ, त्यसलाई पनि अन्तर्राष्टिय क्षेत्रमा पनि घच्घच्याए जस्तो महसुस हुनेछ । र, साथै प्रस्तावनामा वातावरणीय प्रदुषण वा हर्षबाट हुने क्षति वापत् पीडितलाई प्रदर्शकबाट क्षतिपूर्ति उपलब्ध गराउने कुरा चाहिँ प्रस्तावनामा देखिन्छ तर दफाहरुमा कुनैमा पनि मैले कुनै देखिएको महसुस चाहिँ भएन र मलाई के लाग्छ भने यो दफा नम्बर १० मा नियम बनाउने अधिकार यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ भन्ने छ । यसमा तुरुन्त नम्बर १ मै क्षतिपूर्तिको मापदण्ड तयार गरेर अगाडि बढ्नु भयो भने चाहिँ यो पक्का फेरि यो पुरानो इआईजेको रुप धारणा यसले देखाउँदैन जस्तो मलाई लाग्छ । र, साथै केही सुझाव दिन चाहन्छु भने हाम्रो वातावरण संरक्षणलाई थप व्यवस्थित गर्न विज्ञहरुको सहयोग लिई कार्ययोजना तयार गर्नुपर्ने छ, एकदम गल्ती देखिन्छ किनभने हाम्ले संरक्षण संरक्षण भन्यो, जंगलमा जे उम्रे नि त्यो कुरालाई साट्न गरिरहेको अवस्था चाहिँ छ । तर मलाई के लाग्छ भने वनमाराहरुलाई फाल्ने, फलफूल मूल्यवान्का वृक्षहरुलाई वृक्षरोपण गर्दै लग्यौ भने सही जैविक विविधताको संरक्षण चाहिँ सुनिश्चित होला जस्तो लाग्छ ।

अन्त्यमा, अहिलेको जटिल समस्या कोभिड १९ जुन चमेरोबाट उत्पादन भएर यो विकासिल राष्ट्रहरुमा यसले बेहाल बनाइराखेको स्थिति छ । मलाई के लाग्छ भने वातावरण माथि नै एकाधिकार जमाइराखे मानव जातिले । वातावरण संरक्षण र विकास सन्तुलन नमिलाएको कारण यो अवस्था जस्तो लाग्छ । त्यसैले त्यस्तो विषयमा हामी सचेत हुन जरुर छ भन्दै मेरो र मेरो दल साथ समर्थन रहेको जानकारी गराउँदै बिदा हुन्छु । धन्यवाद ।

माननीय सदस्य सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय श्री सरिता गुरुङ ।

माननीय सभामुखज्यू,

सर्वप्रथम त, आज विश्व कोभिड १९ ले महामारीमा फैलिरहेको र कोभिडले चाहिँ अहिले विश्व भ्रमण गरिहेको अवस्थामा संक्रमितहरुको स्वास्थ्य लाभको कामना गर्छु र मृत्यु हुनेहरुप्रति हार्दिक चिरशान्तिको कामना गर्दै समवेदना व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुखज्यू,

आज यस उद्योग, वन, वातावरण मन्त्रालयअन्तर्गत २०७६ मा जारी रहेको विधेयक वातावरण संरक्षण सम्बन्धी सैद्धान्तिक छलफलमा भाग लिन गइराखेको छु । गइराखेको छु । सर्वप्रथम त यस विधेयकमा दफा १ देखि १० सम्म केही हदसम्म कुराहरुको विषयहरुको व्यवस्था गरिएको छ । त्यति हुँदाहुँदा वातावरणसँग मानिसको जीवन मानव जीवन प्रत्यक्ष सरोकार रहने हुँदा हुने हुँदा वातावरण असाध्यै संवेदनशील विषय हो । त्यसैले हामीले यो वातावरणलाई हामीले चलिहाल्छ, भइहाल्छ नभनिकिन किन यो हतारमा ल्याउन हुँदैन भन्ने म आफूलाई लागेको छ । किनभने यो विधेयक दफा १ देखि १० सम्म हेर्दाखेरी यो विधेयक अलि हतारमा ल्याएको हो कि बुझिन्छ । किनभने यसमा यहाँ अब प्राकृतिक श्रोत साधन जल जमिन र वातावणीय मूल्यांकन यी सबै कुराहरुलाई हाम्ले ध्यान दिनुपर्ने हुन्छ । वातावरणमा कुनै पनि नागरिक स्वच्छ वातावरण र स्वास्थ्य रहन पाउनु एउटा नेपालको संविधानको धारा ३० मा मौलिक अधिकारअन्तर्गत पर्दा पर्दा पनि यहाँ हामीले प्रत्येक यो वातावरण सम्बन्धी कुराहरु उठाइराखेको छ । र, म आफू पनि एउटा समितिमा अर्थ समितिमा रहेको हुँदा खेरी हाम्ले माननीय मन्त्रीज्यू लगायत विभिन्न सचिवज्यूहरु सँग सम्बन्धित मन्त्रालयहरुका सचिवज्यूसँग र हाम्ले सदस्यहरुले छलफल गरिराखेका हुन्छौं, किनभने यो देशमा धेरै प्राकृतिक दोहन भइराखेको छ । यहाँ धेरै क्रसर उद्योगधन्दाहरु खोलेको छ । यसको मापदण्ड र धेरै यो कार्यविधिहरु अलिकति कठिनाइ भएको कारण हो, यसलाई लागु हुन सकिराखेको छैन भन्ने बहानामा यो दोहन भइराखेको हामी सबैले प्रत्यक्ष देख्न सकिन्छ । हामी आफूले दिनै यो मिटिगमा आउँदा तनहुँ र कास्कीको बीचमा त्यहाँ कति धेरै दोहन भइराखेको छ, यो प्रदेशको छिमेकी नजिक भएता पनि यसलाई कुनै पनि कारबाही र यसलाई कुनै पनि बेवास्ता गरिएको छैन । त्यसैले यो विधेयक हतारमा आएको भन्ने बुझिएको छ किनभने यसमा यसमा कुनै कलकारखाना, उद्योगधन्दा, क्रसर उद्योग बोलेको छैन । त्यसैले पनि यो उद्योग जो चाहिँ बोल्न पर्ने हो जस्तो हामीले भृकुटी कागज कारखाना, गोरखकाली टायर कारखाना रबर उद्योग जस्ता म्याग्दीमा पनि हामीले जल,

जमिन एउटा चाहिँ व्यक्तिको अर्कोको सार्वजनिक जग्गा व्यक्तिले हडपीराखेको हुन्छ भनी यसै व्यक्तिको जग्गा सरकारले हडपीराखेको छ, तैपनि हामी कोभिड १९ मुक्तिनाथ जोगाइराख्नु भएको छ । पशुपतिनाथले जोगाइराख्नुभएको छ भन्ने हुन्छ मुक्तिनाथको नाममा जंगललाई हडपेको जस्तै यी कुराहरु मैले नामकरण उल्लेख गरें । भन्न खोजेको यो प्राकृतिक वातावरणभित्र जंगलहरु पर्दछ । यो करखानाहरु बारे बोलेको छैन । सवारीसाधन, कर्सर उद्योगले मानिसको जीवनमा पुराएको प्रदुषण र त्यसमा पारेको असरबारे यो बोलेको छैन । त्यसैले यो विधेयकमा समेट्न पर्छ भन्ने माननीय सभामुखमार्फत यो  अनुरोध गर्दै यसमा समावेश होस् भन्ने अनुरोध गर्दै बिदा लिन्छु । धन्यवाद । जय नेपाल ।

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय,

हामीले लामो समय विधायन समितिमा यो विषयमा छलफल गरेर वातावरण संरक्षण सम्बन्धी विधेयकमा छलफल गरेर यो विधेयकलाई यहाँ सम्म ल्याइ पुर्‍याउँदा त्यो विधेयकमा छलफल गरिरहँदा खेरी मैले बारम्बार उठाइरहेको विषय, ती विषयलाई यहाँ पनि राख्ने अनुमति चाहन्छु । मैले विषय अन्तर्गत रहेर जम्मा २ वटा विषयमा २ वटा दफामा मात्रै अगाडि बढाउने अनुमति चाहन्छु ।

वास्तवमा सबैभन्दा पहिले बढी भन्दा बढी आवाज उठेको विषय के थियो त भन्दा क्षतिपूर्तिको व्यवस्था गर्ने भन्ने मैले त्यो  समितिमा आवाजहरु उठाएको थिएँ । यदि अहिले हामी यो वातावरण संरक्षण सम्बन्धी ऐन नबन्दा खेरी विकास निर्माणका काम अगाडि बढाउन सकेनौं , बाटो बनाउन सकेनौं । इआई गर्न सकेनौं भनेर जसरी आवाज उठाइरहेका छौं । यस मानेमा यो विषयलाई पास गर्न हतार गरिरहेका छौं । त्यसैगरी भोलि त्यो कार्य विपरीत त्यो नियम विपरीत त्यो ऐन विपरीत कसैले कार्य गरेर त्यो कार्य अगाडि बढाएर त्यहाँको समुदायलाई प्रत्यक्ष असर पर्‍यो भने वातावरणीय क्षेत्रमा ह्रास पुर्‍यायो भने, त्यो सम्बन्धित समुदायले ढोका कहाँनेर ढकढक्याउने ? र त्यो क्षतिपूर्तिको  कुन क्षेत्रमा गएर कुन अधिकारीको ढोका ढकढक्याउने ? भन्ने विषय अलि कमजोर भएको यसमा । त्यसकारणले यी विषयलाई एउटा दफा थपेर, अहिले हामीले यो १० वटा दफामा मात्रै यो विधेयक सीमित छ । त्यो दफामा ११ वटा दफा बनाएर त्यो क्षतिपूर्तिको मापदण्ड बनाएर हामीले अगाडि बढाउन सक्यौं भने पक्कै पनि विधेयकले सार्थकता पाउन होला भन्ने मैले सुझाव दिन चाहन्छु । किनभने फेरि भोलि यही विषयले फेरि हामीले विकास निर्माण क्रियाकलापलाई रोक्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले भोलि भैपरि आउने

अवस्थालाई मध्यनजर गर्नुपर्छ भन्ने मैले अनुरोध गर्न चाहन्छु र एउटा ८ नम्बर दफामा चाहिँ यो निरीक्षक निरीक्षण अधिकार प्रत्यायोजन भनेर एउटा निरीक्षकको परिकल्पना गरेको छ । निरीक्षकको परिकल्पना गरेको छ, यो विधेयकले । तर त्यो निरीक्षकको काम कर्त्तव्य अधिकार विषयमा केही पनि बोल्न सकेको छैन । भोलि त्यो ऐन विपरीत कुनै व्यक्तिले कुनै संस्थाले त्यो काम गर्‍यो भने त्यो निरीक्षकले कुन अधिकारमा रहेर त्यहाँ उसले अनुगमन गर्ने ? यदि अनुगमन गर्न दिइएन भने हामीले देखिरहेका छौं नि त कतिपय काममा त्यो ऐन विपरीत भयो नियम विपरीत भइरहेको छ भनेर उजुरी पर्दा खेरी त्यहाँ गएर त्योलाई अनुगमन गर्दा खेरी कहिलेकाही प्रभाव परेको छ । बाधा अड्चन भइरहेको छ । अनुगमन नदिने अवस्था पनि भइरहेको अवस्था छ । त्यसकारण त्यसलाई अहिले हामीले त्यो अवस्था नहुनका लागि त्यो अवस्था आउन नदिनका लागि हामीले निरीक्षकको काम, कर्त्तव्य, अधिकारलाई हामीले तोकेर गयो भने यो विधेयकले अझै पनि सार्थकता पाउँछ भन्ने मैले सुझाव दिन चाहन्छु । र, यति भन्दै मेरो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्य श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय मनकुमारी गुरुङ ।

माननीय सभामुख महोदयज्यू,

सर्वप्रथम त कोभिड १९ बाट मृत्यु भएका मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै उहाँको परिवारहरुप्रति हार्दिक समवेदना पनि प्रकट गर्न चाहन्छु । साथै कोभिड १९ बाट संक्रमित व्यक्तिहरु स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण संक्रमित व्यक्तिहरुप्रति शीघ्र स्वास्थ्य लाभको कामना पनि व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय,

वातावरण संरक्षण गर्न बनेको विधेयक दफाबार छलफलमा मेरा आफ्ना विचार तथा सुझावहरु राख्ने अनुमति चाहन्छु । स्वच्छ जीवन नै मानिसको अमूल्य सम्पत्ति हो । स्वच्छ र स्वस्थ आफ्नो वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकार हो । त्यसैले गण्डकी प्रदेशले जनताको स्वच्छ जीवनयापनको लागि वातावरण संरक्षण गर्न बनेको विधेयक ल्याएको छ । यो विधेयकमा राम्रो पक्ष भनेको प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी कुराहरु उठाइएको छ । त्यस्तै वातावरणीय प्रभावमा मूल्यांकनको कुराहरु उठाइएको छ र यसको प्रभावलाई कुनै उपायद्धारा निराकरण र न्युनीकरण गर्ने विश्लेषणहरु पनि गरिएको छ तर धेरै कुराहरु चाहिँ यसमा छुटिराखेको अवस्था छ । वातावरण भनेको एउटा विकासको लागि पनि एक सिक्काको दुई पाटा जस्तै हो । एउटा पाटो विकासको लागि वातावरण स्वच्छ भएमा मात्र हाम्रो समृद्धिको कुराहरु आउँछ । र, यो गण्डकी प्रदेशले

एउटा सुखी नेपाली, समृद्ध नेपालको समृद्ध प्रदेशको नारा उठाएर अगाडि बढेको अवस्थामा वातावरण पनि एउटा महत्वपूर्ण पार्ट हो । त्यसैले यहाँ चाहिँ जुन १० वटा बुँदाहरु दफाबार छ, यसमा चाहिँ मलाई के लाग्छ भने यहाँ चाहिँ हामीले सवारीसाधनहरुबाट यहाँ सवारीसाधनको कुराहरु उठाइएको छैन । उद्योग करकाखानाको कुराहरु उठाइएको छैन । यसको प्रभाव के हुन्छ र न्युनीकरण के हुन्छ भन्ने कुरा छुटेको छ । त्यस्तै क्रसर उद्योगको कुराहरु उठेको छुटेको छ । र, सवारीसाधनलाई हाम्रो गण्डकी प्रदेशमा जति पनि चल्ने सवारीसाधनहरु चाहिँ एउटा यसको प्रभावबाट जति यसले प्रदूषण गर्छ । यसको न्यूनीकरणको लागि यसको निराकरणको लागि एउटा गण्डकी प्रदेशले चाहिँ एउटा उत्तम फ्युलहरुको हैन यो पेट्रोलियम पदार्थमा डिजल र पेट्रोलमा चाहिँ कुन श्रेणीको ल्याउने हो त्यो मात्र एउटा पुष्टी गरेर त्यो मात्र चलाउन पाउने एउटा भइदिएको भए अझ वातावरणको लागि एकदम राम्रो हुन्छ । र, उद्योग कलकारखानाको कुराहरु पनि छैन् । र, क्रसर उद्योगले एकदमै धुलो धुवाँ उब्जाइराखेको हुछ । त्यसकारणले यसको प्रभाव न्युनीकरणको कुरा छेउमा पनि छोएको छैन । त्यस्तै गरी वनको कुरा छोएको छैन । नेपाल हरियो वन, नेपालको धन भन्ने उखानै छ त्यसकारणले यो वातावरण संरक्षण तथा स्वच्छ वातावरणको लागि हामीले वृक्षारोपणको कुराहरु गर्नुपर्ने हुन्छ । त्यो पनि छैन हैन । सयो पनि समावेश गरियोस् भन्ने मेरो सुझाव हो । त्यसैगरी फोहोर व्यवस्थापन । हाम्रो यहाँ चाहिँ यो जटिल विषय हो, फोहोर व्यवस्थापन । यसले असाध्यै वातावरणमा चाहिँ प्रभाव पारेको हुन्छ, त्यसकारणले चाहिँ यो फोहोर व्यवस्थापनको कुरा चाहिँ यसले कतिको प्रभाव पार्छ । यसको न्युनीकरणको कुरा उठाइयोस् समावेश गरियोस् भन्दै मेरो सुझावहरु यही समाप्त गर्दै बिदा हुन्छु । हस् धन्यवाद । जय नेपाल ।

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय इन्द्रलाल सापकोटा ।

सभामुख महोदय,

आज हामी वातावरण संरक्षण गर्न बनेको विधेयकको दफाबार छलफलमा माथि आफ्ना विषयहरु राख्न गइरहेका छौं । यसको सैद्धान्तिक विषयमाथि हामी छलफल गरिसकेका छौं । मूलतः हाम्रो संविधानले हरेक नागरिकलाई स्वच्छ र स्वस्थतापूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गरेको छ । हामी दिगो विकास लक्ष्यका १७ वटा दिगो आधारहरु जसमा वातावरण चाहिँ एउटा महत्वपूर्ण आधारको रुपमा यो वातावरण संरक्षणको रुपमा यो विषय रहेको छ । हाम्रो मुलुकले १७ वटा विकास लक्ष्यका आधारहरुमा कमिटमेन्ट जाहेर गरेर हामी हाम्रा सम्पूर्ण योजना त्यही मुताविक परिलक्षित छन् । संविधान र दिगो विकास लक्ष्यको जगभित्र यतिबेला हामी समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना गरिराखेका छौं ।

हाम्रो जस्तो विकासोन्मुख मुलुक भौतिक पूर्वाधारको क्षेत्रमा प्रशस्त कामहरु गर्न बाँकी छन् । चाहे सडकको सन्दर्भ होस्, चाहे एयरपोर्टका सन्दर्भ हुन् , चाहे पुलका सन्दर्भहरु हुन् । थुप्रै कामहरु गर्न बाँकी छन् । विश्व मानवजगत्ले मानवीय सुखका निम्ति मानवीय सुविधाका निम्ति यो विज्ञान र प्रविधिको विकाससँगै हामीले यो पृथ्वीलाई यो अधिकतम् भन्दा अधिकतम् उपयोग गर्नका निम्ति आज प्रतिस्पर्धाको दौडभित्र छौं । यो प्रतिस्पर्धाको दौडमा हामीले भोलिको पुस्तालाई वातावरण कस्तो छोडेर जाने ? यो पृथ्वी कस्तो छोडेर जाने ? यहाँका प्राकृतिक श्रोत र साधनहरु हाम्रा निम्तिमात्र हुन् । भोलिका पुस्ताका निम्ति हुन् ? यो अत्यन्तै चुनौतीको विषय यतिबेला चलिरहेको छ । आज हामी कोभिड १९ को तातो बहसमा छौं । वास्तवमा मानव जातिमाथि जुन महामारी विभिन्न आक्रमण भइरहेको छ, कतै हामी वातावरण संरक्षणको क्षेत्रमा मानवीय सुविधाका निम्ति विकासका निम्ति अग्रगति र प्रगतिका निम्ति वातावरण संरक्षणको चौतर्फी आधारहरुलाई हामीले कतै कुल्च्यौं । बेवास्ता गर्‍यौं । हामीले भौतिक पूर्वाधारलाई मात्रै सिंगो विकास सम्झने कतै कुचेष्टा गर्‍यौं कि ? यी थुप्रै प्रश्नहरु हाम्रो बीचमा छन् । यही सन्दर्भमा हाम्रो प्रदेश सरकारले वातावरण संरक्षण गर्नका निम्ति जुन ऐन ल्याएको छ १० वटा दफामा सबिस्तार व्याख्या गरेर जुन आएको छ, म दफाभित्र धेरै घोल्लिनुपर्ने मैले केही देखिरहेको छैन । स्वयं मुख्यमन्त्री यस परिषद्को अध्यक्ष रहने व्यवस्था गरेको छ । कैयौं विकास निर्माणका कामहरु वातावरणीय प्रभाव र मूल्यांकनको प्रतिवेदनको आधारमा अनुमति दिन नसक्दा थालिरहेका छन् । कतिपय हाम्रा भौतिक पूर्वाधार गर्दा वातावरणीय नजरअन्दाज गरिएको छ । र, त्यसको सबै क्षेत्रमा संघीय सरकारको पनि यसपट्‌टी ध्यान पुग्न नसकिरहेको त्यो यथार्थ हाम्रो सामु छ । यी सबै कुरालाई मध्यनजर गर्दै गण्डकी प्रदेश सरकारले हाम्रो संविधानको मर्म अनुसार दिगो विकास लक्ष्यको प्राप्तिका निम्ति हाम्रो वातावरण चाहिँ भावी पुस्तका निम्ति समेत हस्तान्तरण गर्न सकिने गरी यसको संरक्षण गर्ने यसको समुचित विकास गर्ने, र विकासको र वातावरणको बीचको सन्तुलन कायम गर्ने कुरामा यो अत्यन्तै महत्वपूर्ण छ । अत्यन्तै प्रभावकारी रहने छ । म यसमा धेरै यो सरसर्ती मैले पढें । म योभित्र धेरै कुरा राख्न चाहन्नँ खाली यतिमात्रै कुरा चाहन्छु, ऐन आफैमा राम्रो छ । विधेयक आफैमा राम्रो छ । मलाई लाग्छ विधायन समितिले यसमाथि धेरै छलफल गरेर यसलाई पूर्णता प्रदान गरेको छ तर ऐनको कार्यान्वयनको सन्दर्भमा विधेयक पारित भइसकेपछि यसलाई कार्यान्वयनको सन्दर्भमा जहाँ जहाँ हाम्रो नांगो आँखाले समस्या देखिरहेका छौं, वातावरण संरक्षणको क्षेत्रमा जहाँ जहाँ चुनौती महसुस गरिरहेका छौं, यी चुनौती सामना गर्नका निम्ति यो ऐन सफल रहोस्, यो मानेमा हाम्रो दलको तर्फबाट मेरो व्यक्तिगत तर्फबाट यो वातावरण संरक्षण ऐनप्रति पूर्ण समर्थन जाहेर गर्दै मेरो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

माननीय सदस्यहरु, अब म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साल

माननीय सभामुख महोदय,

यो विधेयकमा माननीय सदस्यहरुले अत्यन्त महत्वपूर्ण सुझावहरु दिनुभएको छ । माननीय सदस्यज्यूहरुको अत्यन्तै सक्रियतापूर्वक सहभागिता रहेको छ । ५ जना माननीय सदस्यहरुले यो विधेयकको बारेमा केही जिज्ञासा राख्नुभएको छ । हामीले म उहाँहरुलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु । . यो विधेयक संसदमा प्रस्तुत गरिसकेपछि पहिला पनि छलफल गरिसकेका छौं यो विषयमा ।  र दफाबार छलफलको लागि हामीले विधायन समितिमा पठायौं । विधायन समितिमा पनि यसको व्यापक छलफल भएको छ । र, विधायन समितिबाट केही सुझावहरु पनि सुझावहरु सहित फेरि यो हाम्रो फुल सदनमा आएको छ । र, आज पनि हामी फेरि छलफल गर्दैछौं । म माननीय सदस्यहरुले उठाएका विषयहरुलाई प्रष्ट पार्न चाहन्छु ।

माननीय इन्द्रधारा विष्टले यो दफा ३ मा जुन चाहिँ व्यवस्था गरिएको छ, जलवायु परिवर्तनको क्षेत्रमा दफा ४ राखेर जान पाए अझ राम्रो हुन्थ्यो कि भन्नुभएको छ, माननीय सदस्यले भनेको कुरा अत्यन्तै सान्दर्भिक छ । तर दफा ३ ले नै तपाईले उठाएको विषयलाई सम्बोधन गर्ने भएकोले कुनै पनि धेरै कुरा राखेर लामो बनाउनुभन्दा पनि सम्बोधन गरिहाल्छ भने त्यो कुराले प्रष्ट हुन्छ, राखिरहनुपर्ने त्यस्तो लाग्दैन । दफा ३ ले नै कुनै पनि विदेशी संस्थाले सहयोग गर्‍यो भने  त्यो चाहिँ हाम्रो कोषमा पैसा आउन सक्ने कुरा दफा ३ ले नै प्रष्ट पारिसकेको छ । र, माननीय सदस्यले जुन क्षतिपूर्तिको व्यवस्था देखिन आफैमा मैले यो अघिल्लो छलफलमा पनि यो कुरा भनेको थिएँ, संविधानले हाम्रो चाहिँ संविधानको धारा ३० मा जम्मा तीन्टा कुराले चाहिँ यो वातावरण सम्बन्धी कुरालाई संविधानमा लेखेको छ । एउटा नैंसर्गिक अधिकारको कुरा गरेको छ र एउटा क्षतिपूर्तिको काम गरेको छ, एउटा जुनसुकै कुरा संविधानमा लेखिएको भएता पनि विकास निर्माणको लागि यो बाधा मानिने छैन भनेर लेखे पछि  यसैमा धेरै कुराहरु छन् । यसैको आधारमा हामीले ऐन ल्याएका छौं । र, यो ऐन संघीय ऐन पनि आएको छ । संघीय ऐनसँग नबाझिने गरी संघीय ऐन कुराहरु हामीले प्रदेश ऐनमा राखेका छैनौं । मैले भनेको थिएँ, संघीय ऐन चाहिँ हामीले यसैमा लेखेर ल्याएको भए जस्ताको तस्तै फेरि संघको सारेर आएको भन्ने हुन्थ्यो । संघको नराखीकन ल्याउँदाखेरी यो ऐन अलिकति सानो भयो दुब्लो भयो अनि सबै कुरा आएनन् भनेर माननीय सदस्यबाट धेरै चोटी यो कुरा आयो र यो चाहिँ क्षतिपूर्तिको व्यवस्था हाम्रो संघीय ऐनमा राखिएको छ । एकदमै प्रष्ट रुपमा । अलमलिनुपर्ने छैन । त्यो

संघले लेखिसकेको कुरा त्यसलाई रिपिट गरेर प्रदेश ऐनमा नराखेको हो । संघीय ऐन हेर्नुभयो त्यसमा सप्पै कुरा संघीय ऐनको दफामा त्यो सबै क्षतिपूर्तिको कुरा एकदम प्रष्टसँग राखेको छ । र, त्यो त्यो भा हुनाले त्यही हेर्दा खेरी नै यसमा धेरै कुरा प्रष्ट हुन्छ । र, यो चाहिँ जरिवानाको कुरा, संघीय ऐनको धारा ३५ मा राखिएको छ । त्यो चाहिँ तपाईहरुले एकचोटी यसमा हेऱ्यौं भने प्रष्ट हुन्छ । माननीय सरिता गुरुङले जुन कुरा राख्नुभो, यो विधेयक हामीले हतारमा ल्याएका छैनौं । यो विधेयक अत्यन्तै आवश्यक छ । हामीले अहिले कतिपय योजनाहरुमा आइइई, इआइई, आइइई गर्नलाई समस्या भएको हुनाले मेन चाहिँ हामीले अहिले प्रदेश ऐनमा ३ कुरालाई हामीले यसमा समावेश गरेका छौं । परिषद्को कुरा, एउटा आयोजनामा यो रिपोर्टहरु तयार तोक्ने कुरा, अर्को चाहिँ यो कोष बनाउने कुरा । हामीले यो यसमा राखेका छौं । अहिले हामीलाई धेरै योजनाहरुमा प्रारम्भिक वातावरणीय परीक्षण नगर्दाखेरी धेरै वातावरण सेक्टरमा चाहिँ धेरै ठूलो क्षति भएको छ । र, हामीले ठूलठूला योजनाहरुमा पनि यो ऐनमा धेरै कुरा यही प्रष्टसँग लेखिएको छ । अहिले धेरै कुराहरु जस्तै हाम्रो माननीय पियारी थापाले उठाएको कुरा पनि जुन छ, यो निरीक्षणको अधिकारको प्रत्यायोजन गर्ने कुरा हामीले धेरै कुरा ऐनमा लेखेर ल्याउँनौं । धेरै कुरा चाहिँ भोलि नियमावलीमा, कार्यविधिमा राखेपछि यो सबै कुराहरु प्रष्ट हुन्छन् । सबै कुराहरु ऐनमा ल्यायौं भने फेरि यो चाहिँ ऐन नियमावलीको कुरा राखेको भनेर अरुले टिप्पणी गर्ने कुरा हुन्छ । त्यसकारण हामीले नियमावलीका कुराहरु ऐनमा राखेका छैनौं । तपाईले भनेका कुराहरु नियमावलीमा प्रष्टसँग अहिले संघीय नियमावली पनि डाफ्ट भइसकेको छ । छिटै नै आउँछ भनेर संघीय सरकारले भनिरहेको छ । यो आएपछि धेरै प्रष्ट हुन्छ र त्यसमा केही कुरा बाँकी रह्यो भने हामीले पनि नियमावली बनाउने कुरा चाहिँ हामीले प्रदेश ऐनमा राखेका छौं । त्यसकारण यो कुरा पनि त्यहाँबाट प्रष्ट हुन्छ । र, अब यो भएको चाहिँ माननीय मनकुमारी गुरुङले त्यसमा धेरै कुरा छुटेको छ भन्नुभो । धेरै कुरा छुटेको छ भन्नुले के कुरा छुटेको छ भन्नोस् न हामीले यसमा समावेश गरिहाल्छौं नि । माननीय सदस्यहरुले छुटेको छ भन्ने के हो भनेर नभन्ने भनेर अब या त हामीले विधायन समितिमा पनि छलफल गऱ्यौं । अरु सरोकारवालहरुसँग पनि छलफल गऱ्यौं । यसमा सबै कुरा हामीले छुटेको त राख्न हामी तयारै छौं । आवश्यकता अनुसारको कुराहरु राख्नुपऱ्यो । राख्नका लागि मैले भनेको भनेर ऐनमा त्यसरी कुनै पनि कुरा समावेश हुँदैन । ऐन हामीले धेरै मेहनत गरेर ल्याइएको छ । र, यो बीचमा पनि हामीले यो वातावरण सम्बन्धी धेरै विज्ञहरुसँग धेरै कानुन व्यवसायीहरुसँग छलफल गरेर हामीले यो ऐन ल्याएका छौं र यसमा धेरै कुरा अब संविधानसँग, संघीय ऐनसँग प्रदेश ऐनले व्यवस्था गरेपछि अब हामीले कुनै पनि .. काम गर्नका लागि हामीलाई फेरि अवरोध हुँदैन । यसको चाहिँ हाम्रो माननीय इन्द्रलाल सापकोटाले भने जस्तै यो ऐनले धेरै कुराको बाटो खोल्छ । तर यसको कार्यान्वयन

हामीले गर्ने कुरा अब हाम्रो परीक्षणको विषय हुन्छ । हामीले ऐनमा कुनै पनि प्रोजेक्टमा हामीले इनिसियल इन्भारोन्मेन्ट इक्जामिनेसन प्रारम्भिक वातावरणीय परीक्षण हामीले गरिसकेपछि त्यो हामीलाई चाहिँ ठूला गौरव राष्टिय गौरवका योजनाहरु ठूलो योजनाहरु, र विभिन्न प्रदेशसँग जोडिएका योजनाहरु संघले अरु सबै योजनाहरुको बारेमा हामी प्रदेशले गर्छौं । हामीले तल स्थानीय तहलाई पनि गई केही अधिकारहरु दिएका छौं । त्यो प्रारम्भिक वातावरणीय वातावरणीय परीक्षण गर्ने भन्ने कुरा हामीले स्थानीय तहलाई पनि दिएका छौं । साना साना स्थानीयसँग सरोकार राख्ने योजनाहरु स्थानीय तहले गर्छ । अरु सबै चाहिँ त्योभन्दा बाहेकका हामीले आइई प्रारम्भिक वातावरणीय परीक्षण त्यो सबै प्रदेशबाट गर्ने कुरा यो ऐनमा हामीले प्रष्ट गरेका छौं । अब यो ऐन, यो ऐन आइसकेपछि हामीले त्यो रिपोर्टहरु बनाएर हामी विकास निर्माणमा गयौं भने हामी कहीं नेर पनि  विकास निर्माणको बाधक पनि हुँदैन । त्यल्ले वातावरणीय क्षति पनि पुऱ्याउँदैन, अब त्यो त्यो कुरा चाहिँ हामीले बुझ्नु पर्‍यो । यो एउटा यस्तो विषय हो । यो एउटा प्रभाव पार्ने, सबै मानव जातजाति जीवलाई प्रभाव पार्ने, यल्ले एउटा देशलाई प्रभाव पार्ने र प्रदेशलाई प्रभाव पार्ने । यल्ले एउटा स्थानीय तहलाई प्रभाव पार्ने । यल्ले एउटा परिवारलाई प्रभाव पार्ने । यल्ले एउटा व्यक्तिलाई प्रभाव पार्ने । यो सबै सँग चाहिँ जोडिएको एउटा विषय हो । वातावरणीय विषय यसप्रति सबै जिम्मेवार भयौं भनेमात्र हामीले चाहिँ नयाँ पुस्तालाई राम्रो पृथ्वी हस्तान्तरण गर्न सक्छौं । राम्रो वातावरण हामीले भोलि आउने पुस्तालाई पनि हामीले दिन सक्छौं । यसमा हामीले कहीनेर पनि कम्प्रोमाइज गर्नु हुँदैन । कानुन नियम बनाइसकेपछि त्यसको पूर्ण रुपमा पालना गर्नु हामी सबैको कर्तव्य र जिम्मेवारी हुन्छ । अब यल्लाई कार्यान्वयन गर्ने चरणमा हामीले कहीनेर पनि कमजोरी गर्ने छैनौं । यल्लाई प्रभावकारी हिसाबले कार्यान्वयन गर्ने छौं र हामीले अहिलेसम्मका धेरै अनुभवहरु अन्तर्राष्टिय प्राक्टिसहरु हाम्रा विगतमा बनेका कानुनहरु र नयाँ संविधानसँगै हाम्रो धारा ३० ले दिएको अधिकार र हाम्रो धारा ५१ को ६ ले दिएका अधिकारहरुलाई प्रयोग गरेर हामीले यो विधेयक ल्याएका हौं । यो त्यत्तिकै सामान्य हिसाबले यो आएको हैन, धेरै मेहनत गरेर हो । हामीले विधेयकमा भनेको धेरै कुरा राखेर जाँदा खेरी झन् धेरै त्यल्ले विभिन्न अर्थ लाग्ने हुन्छ । त्यसमा हामीले धेरै कुरा संविधानले जसरी तीन लाईनमा वातावरणको कुरालाई प्रष्ट पारेको छ । हामीले संघीय ऐनले पनि धेरै कुरा प्रष्ट पारेको छ । त्यसबाट छुटेका कुराहरु हामीले प्रदेश ऐनमा ल्याएका छौं । अब बाँकी कुराहरु हामीले नियमावलीले धेरै कुराहरु प्रष्ट पार्ने छ । हामी कार्यान्वयनमा जाँदा खेरी कार्यान्वयन कार्यविधिले धेरै कुराहरु प्रष्ट पार्ने छ । र, यल्ले यो हकतारमा पनि ल्याइएको छैन । यो कुनै यसमा हामीले सकेसम्म धेरै अध्ययन गरेर यल्लाई कसरी राम्रो बनाउन सकिन्छ यसमा विधायन समितिमा माननीय सदस्यहरुले यति मेहनतपूर्वक छलफल गर्नु भो त्यहाँ मलाई पनि बोलाउनु भयो । धेरै

कुराहरु अस्पष्ट भएका कुराहरु यो राखौ भनेर प्रष्ट पारिसकेपछि तीन वटै संघीय ऐन, हाम्रो प्रदेश ऐन र हाम्रो संविधान हामीले भोलि नियमावलीमा राख्न सक्ने कुराहरु छलफल गरेर हामीले यो विधेयक ल्याएका छौं । र, यसमा चाहिँ जुन हिसाबले अब यो मैले चाहिँ हेर्नोस् तपाईले चाहिँ एजुकेसन एसएलसीसम्म आई.ए. बि.ए. माथि चाहिँ पढ्दै जान्छु, जति माथि गयो त्यति भेग कुरा हुन्छ । तर यो विधेयक बनाउँदा संविधानको ३ लाइनमा लेखेको छ । संघीय ऐनले बनाएको ऐनमा पनि त्यसमा हामीलाई आवश्यकता अनुसार विधेयक बनाउँदा प्रदेशका सांसदले धेरै मिहनेत गरेर हामीले यो प्रदेश ऐन बनाएका छौं । एउटा हामीभन्दा संघले  बनाएको विधेयकमा, संघीय संसदले बनाएको विधेयकमा पनि हाम्रो आवश्यकता अनुसार विधेयक ल्याउने कुरा, यो सामान्य चानेचुने मिहनतले यो विधेयक ........ त्यसकारण यो विधेयक एकदम पूर्ण छ । त्यसमा माननीय सदस्यहरुका कुराहरु पनि बाँकी रहेका कुराहरु नियमावलीमा आउँछन्, कार्यविधिमा आउँछन् , र हामीले अब जुन सुकै ठाउँमा पनि हामी ऐन नियम बनाउने आईइई रिपोर्ट बनाउने, अनि विभिन्न हामीले वातावरण प्रभाव मूल्यांकन गर्ने, आइईए रिपोर्ट बनाउने तर त्यल्लाई हामीले राम्ररी कार्यान्वयन नगर्ने त्यसमा हामीले ध्यान नदिने, एउटा रिपोर्टहरु कपि गरेर ल्याउने, कुनै पनि आयोजनामा कुनै पनि काम गर्दाखेरी कति वातावरणीय क्षति भयो, त्यसको क्षतिपूर्ति भराउने भनेर  त्यो बजेटमा राखिएको हुन्छ, तर त्यो काम नगर्ने, एउटा बिरुवाहरु मास्दा खेरी काटिदा खेरी त्यो भराउने भनेर रोप्ने कुरा कुनै पनि प्रोजेक्टमा लेखिएको हुन्छ, हामी त्यसमा हामीले ध्यान नदिने, हाम्रो समस्या त्यो हो । अब गण्डकी प्रदेश सरकार त्यस्को हाम्रो माननीय मुख्यमन्त्रीको संयोजकत्वमा हामीले अझ यसमा धेरै वार्षिक प्रतिवेदन निकाल्ने कुरा, नियमावलीमा राख्ने भनेर हाम्ले ऐनमा ल्याएका छैनौं । किनभने हाम्रा संरचनाहरु कुनै पनि नसक्दाखेरी हामी वार्षिक रुपमा ती कुराहरु बनाउन चाहिँ केरे बनाउँदा खेरी राख्दा खेरी फेरि काम गर्ने हाम्रो संयन्त्र पूरै नबनिसक्दा खेरी समस्या हुन्छ कि भनेर हाम्ले नियमावलीम राखौला भनेर यसमा केही कुराहरु छुटेका पनि छन्, त्यसर्लाे हामी नियमावलीमा समावेश गर्ने छौं । र, यो चाहिँ माननीय सदस्यहरुले राखेका कुराहरु .. विधायन समितिबाट आएका कुराहरु ग्रहण गर्दै यो चाहिँ विधेयक  हामी अन्तिम छलफलको केरे पास गर्ने चरणमा पुगेका छौं । माननीय सदस्यहरुका सबै सकारात्मक कुराहरुलाई ग्रहण गर्दै यो विधेयक पूर्ण रुपमा कार्यान्वयन गर्ने र यल्ले गण्डकी प्रदेशको वातावरणीय संरक्षणका लागि यो एउटा कोशेढुंगा सावित हुने छ । र, हाम्रो वातावरण नै सबैभन्दा ठूलो भविष्य हो । वातावरण बिग्रो भने हाम्रो पर्यटन कहिले पनि सुरक्षित हुन सक्दैन । अहिले कोभिड १९ को जुन एउटा विश्व महामारी परेको बेला वातावरणीय नै सबैभन्दा ठूलो चुनौतै हो । वातावरणमाथि सबै अति दोहन भएको कारणले प्रकृतिले नै यस्तो किसिमको भाइरस ल्याएको भनेर विभिन्न विद्धानहरुले अड्कलबाजी गरेको बेला हामी यो

विधेयकमाथि छलफल गर्दछौं । यो एउटा महत्वपूर्ण सन्दर्भ पनि जुटेको छ । र, यो विधेयक हामीले पास गरेर गएपछि यल्लाई प्रभावकारी कार्यान्वयन गर्न  अगाडि जाने छौ र बाँकी फेरि विधेयकमा हामीले व्यवहारमा जाँदा खेरी कार्यान्वयनमा जाँदा खेरी आउने कुराहरु भोलिका दिनमा फेरि संशोधन गरेर पनि यसलाई हामी प्रभावकारी कार्यान्वयनमा लैजान सक्ने छौं भन्दै माननीय सदस्यहरुले राखेका कुराहरुको चाहिँ केरे पूर्ण समर्थन गर्दै मेरो भनाइलाई यही अन्त्त्य गर्न चाहन्छु । हस् त धन्यवाद ।

माननीय सदस्यहरु,

अब यो छलफल यही समाप्त हुन्छ ।

अब म यो वातावरण संरक्षण गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ९ सम्म उल्लेखित सम्भावनालाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ वातावरण संरक्षण गर्न बनेको विधेयकका सम्बन्धमा विधायक समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ९ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब म वातावरण संरक्षण गर्न बनेको विधेयकका सम्बन्धमा विधायक समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ९ सम्म उल्लेखित संशोधन वातावरण संरक्षण गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यस प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्, यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ वातावरण संरक्षण गर्न बनेको विधेयकका सम्बन्धमा विधायक समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि ९ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले वातावरण संरक्षण गर्न विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब म विधेयकको दफा १ देखि १० सम्म वातावरण संरक्षण गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्, यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा १ देखि १० सम्म सर्वसम्मतिले वातावरण संरक्षण गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत् पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन वातावरण र विकास समुचित र सन्तुलन कायम गर्न प्रकृति वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्युनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेशसभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ :

१. यस ऐनको नाम प्रदेश वातावरण संरक्षण ऐन, २०७६ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम वातावरण संरक्षण गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्, यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले वातावरण संरक्षण गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई वातावरण संरक्षण गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्साल**

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७६ साल माघ ५ बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलका लागि पठाइएको समितिबाट प्रतिवेदन सहित वातावरण संरक्षण गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरु,

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्, यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ वातावरण संरक्षण गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरिबहादुर चुमानलाई प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभाको सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय,

प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा कानुन व्यवस्था गर्न वाञ्छनीय देखिएको हुँदा प्रस्तुत प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्थामा बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश प्रदेश सेवा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरु,

अब म मिति २०७६ साल माघ ८ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७६ साल माघ २३ गते बसेको सभाको बैठकबाट दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको भनी पठाइएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान स्थापना र संचालन गर्न बनेको विधेयकको प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय मोहनप्रसाद रेग्मीलाई समय दिन्छु ।

माननीय मोहनप्रसाद रेग्मी ।

माननीय सभामुखज्यू,

मिति २०७६।१०।२४ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफाबार छलफलका लागि विधायन समितिमा पठाएको प्रस्तुत गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न २०७७ साल जेठ ५  र ६ गते समितिको बैठक बसेको थियो ।

समितिको बैठक समितिका माननीय सभापति मोहनप्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, कृष्णचन्द्र नेपाली पोखरेल, चन्द्रबहादुर बुढा, धनमाया पोखरेल लामा, पियारी थापा, पुष्पा केसी भण्डारी, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विष्णुप्रसाद लामिछाने, सावित्री लामा, माननीय आन्तरिक तथा कानुन मन्त्री हरिबहादुर चुमान समेतको उपस्थिति रहेको थियो । त्यसैगरी समितिको बैठकमा माननीय सामाजिक विकास मन्त्री नरदेवी पुन समेतको उपस्थिति रहेको थियो । विधेयकको दफा ४ को उपदफा १ मा रहेको गण्डकी प्रदेशको मुख्यमन्त्री प्रतिष्ठानको संरक्षक रहनेछ भन्ने व्यवस्था रहेको तर विधेयकमा संरक्षकको भूमिका प्रष्ट नपारिएको , प्रतिष्ठानको काम कारबाहीमा कुनै कमी कमजोरी भएमा संरक्षकलाई नैतिक अप्ठ्यारो पर्ने हुँदा उक्त दफा ४ को उपदफा १ मा रहेको व्यवस्था हटाउनुपर्ने भन्ने राय माननीय मणिभद्र शर्माले बैठकमा राख्नुभएको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी विधेयकको दफा १३ को उपदफा १ मा माननीय बिन्दुकुमार थापा

प्रस्तावक माननीय ओमकला गौतम समर्थक र विधेयकको दफा ११ को उपदफा ५ मा माननीय हरिशरण आचार्य प्रस्तावक र माननीय बिन्दुकुमार थापा समर्थक भई २०७६ ।१०।२४ गते दर्ता गर्नुभएको दुवै संशोधन प्रस्ताव विधायन समितिबाटै सम्बोधन गरी प्रस्तुत विधेयकका सम्बन्धमा प्रतिवेदनको बुदा नम्बर ३ मा उल्लेखित दफामा बाहेक विधेयकका अन्य दफाहरुमा सर्वसम्मत् निर्णय भए बमोजिम संलग्न संशोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेस गर्दछु । धन्यवाद ।

मोहनप्रसाद रेग्मी

सभापति ।

अब म प्रदेश मामिला समितिका सभापति कृष्ण थापालाई आफ्नो भनाइ सहित समितिको वार्षिक प्रतिवदेन सम्मानित सभासमक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय,

संविधानको धारा १५३ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न गण्डकी प्रदेशसभा नियमावलीको २०७४ को नियम १४६ बमोजिम हाम्रो गण्डकी प्रदेश सभामा चार वटा संसदीय समितिहरु रहेका छन् ।

१. विधायन समिति

२. सार्वजनिक लेखा समिति

३. प्रदेश मामिला समिति

४. अर्थ तथा विकास समिति ।

प्रदेश मामिला समिति पनि एक महत्वपूर्ण समिति हो । र, यस समितिलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको शान्ति सुरक्षा सम्बन्धी शान्ति सुरक्षा सम्बन्धी तथा मन्त्रिपरिषद्को सम्बन्धी विषय प्रदेश लेखा प्रदेश लोक सेवा आयोग, सामाजिक विकास मन्त्रालय तथा मानव अधिकार सामाजिक सुरक्षा श्रम तथा महिला, युवा ज्येष्ठ नागरिक, बाल विकास, बालबालिका र अल्पल अल्पसंख्यकहरुको कल्याणहरुसम्बन्धी कार्यदल तोकिएको छ ।

मिति २०७४।१२।६ मा गण्डकी प्रदेश सभा समिति र मिति २०७५।१।१६ मा समितिका सभापतिको निर्वाचन सर्वसम्मत् रुपमा भएको थियो । अहिलेसम्म प्रदेश सरकारबाट विनियोजित बजेट सम्बन्धी कार्यान्वयनको अवस्था, जनताको दैनिक जीवनमा पर्ने प्रभाव,

शान्ति सुरक्षा महँगी सम्बन्धी मन्त्रालयको प्रगति समीक्षा र विभिन्न मन्त्रालय सम्बन्धी निर्देशन उल्लेखित प्रगति र चुनौती सम्बन्धी निगरानी र कार्यान्वयन गर्न निर्देशन दिने गरेको छ । प्रदेश सरकारप्रति सरकार उत्तरदायी जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम, मूल्यांकन र अनुगमन गरी राय लिने दिने समितिले विभिन्न समयमा विभिन्न विषय तथा स्थानमा अवलोकन गरी प्रतिवेदन तयार गर्ने, जसमा शान्ति सुरक्षा सम्बन्धी ११ जिल्ला, सुरक्षा प्रमुख सम्बन्धित मन्त्रालय र समितिबीच अन्तर्क्रिया गरी २० बुँदामा छलफल गरीएको ।

दक्षिणमा नवलपुरको त्रिवेणी नाका र उत्तरको कोरोला नाका अवलोकन गरी निरीक्षण ११ जिल्लामध्ये मुस्ताङ, मनाङ र नवलपुर बाहेक बाँकी म्याग्दी, बाग्लुङ, पर्वत, कास्की, स्याङ्जा, तनहुँ, लमजुग, गोरखा, गोरखा जिल्लाको कारागार अनुगमन र प्रतिवेदन समस्या पहिचान गरी प्रदेश सरकारलाई कार्यान्वयनको लागि निर्देशन सम्बन्धित मन्त्रालयको कार्य संचालन प्रगति सम्बन्धमा आवश्यक मूल्यांकन र निर्देशन भएको छ । वार्षिक प्रतिवेदन समितिको कार्य नयाँ र नयाँ अनुभवबाट भएको हुँदा उपलब्धिपूर्ण सफलता तथा कमी कमजोरीहरु रहन पनि सक्दछन् । किनकि समितिको कार्य सम्पादन नयाँ हो । प्रदेश सरकारलाई पनि हाम्रो निर्देशनबाट हाम्रो प्रतिवेदनबाट कार्य सम्पादनमा अवश्य मद्दत भएको हुनुपर्दछ ।

अन्त्यमा, समितिको नियमित कार्य संचालन, समितिको बैठक विभिन्न समयमा भएका अनुगमनमा उच्च एकात्मक भावनासहित महत्वपूर्ण भूमिका पूरा गर्ने समितिका सम्पूर्ण माननीय सदस्यज्यू, प्रगति प्रतिवेदन बैठक संयोजन गर्ने समितिका सदस्यज्यूहरु, समितिका सचिव लगायत कर्मचारीहरु, बैठकको सुरक्षामा रहने राष्ट्र सेवक सुरक्षा कर्मचारी, समितिको बैठक अनुगमन गर्ने सहर्ष स्वीकार गरी समितिको महत्वपूर्ण योगदान पुऱ्याउनु हुने गण्डकी प्रदेश सभाका माननीय सभामुख, उपसभामुखज्यू र सचिज्यू, मन्त्रालयका सचिव तथा कर्मचारी पदाधिकारीज्यूहरु, आमनागरिकमा समितिको काम कारबाही पुर्‍याउनु हुने संचारकर्मी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । ज्ञात अज्ञात सम्पूर्ण सहिदप्रति श्रद्धा सुमन श्रद्धाञ्जली प्रकट गर्दछु ।

कृष्ण थापा

सभापति

प्रदेश मामिला समिति ।

धन्यवाद ।

माननीय सदस्यहरु,

अब म माननीय सदस्य खिमविक्रम शाहीलाई सार्वजनिक लेखा समितिको रिक्त सदस्यमा रहने गरी जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरु,

अब म उक्त जिम्मेवारी तोक्ने सम्बन्धी प्रस्तावलाई सहमति जनाइदिनु हुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरु,

अब यो बैठक २०७७ जेठ १४ गते दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।